# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७र९७६१८१५४०००र
९८४११५१२१७र९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २१६ | काठमाडौं | सोमबार, १७ मंसिर २०८१ | Prabhab National Daily | Monday, December 02, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


# ‘जम्बो टोली’ लिएर चीन भ्रमणमा जाँदै प्रधानमन्त्री

## दर्जनभन्दा बढी आयोजनामा समझदारीको तयारी

- प्रधानमन्त्री चीन जानुअघि सरकारले चीन सरकारसँग हुने विकास योजना २०२५ देखि ०२९ सम्मको सम्बन्धित समझदारीपत्र स्वीकृत गरेको छ
- बिआरआईमा के–के काम गर्ने भनी कार्यक्रम बन्ने र कुन मोडालिटीमा जानेबारे छलफल गर्ने तयारी
- चीनले १०० वटा विद्युतीय गाडी, १०० वटा प्रहरी भ्यान, ५० वटा स्कुल भ्यान, ५० वटा एम्बुलेन्स दिने



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणका क्रममा दर्जनभन्दा बढी आयोजनामा समझदारी हुने भएको छ । प्रधानमन्त्री ओली चीन जानुअघि आइतबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले पुराना र नयाँ गरी दर्जन आयोजनामा समझदारी गर्ने निर्णय गरेको हो ।

प्रधानमन्त्री ओली ८७ जनाको जम्बो टोली लिएर आज चीनको औपचारिक भ्रमणमा जाँदै छन् । चीनका प्रधानमन्त्री ली छ्याङको मैत्रीपूर्ण निमन्त्रणामा प्रधानमन्त्री ओलीले चीनको औपचारिक भ्रमण गर्न लागेका हुन् । भ्रमणका क्रममा बहुचर्चित बेल्ट एण्ड रोड इनिसिएटिभ्स् (बिआरआई) परियोजना कार्यान्वयन के हुने भन्नेबारे भने सरकार प्रस्ट देखिँदैन । सत्ता सहयात्री दल नेपाली कांग्रेससँग कुरा नमिलेपछि बिआरआई परियोजनामा कस्तो मोडालिटीमा जाने भनी छलफलमात्र गर्नेगरी ओली चीन जान लागेका छन् । ‘बिआरआईमा जे-जे कुरा भएको छ के-के काम गर्ने भनेर एउटा कार्यक्रम बन्छ ।

सम्बन्धित कार्यक्रम कुन मोडालिटीमा बन्नेबारे छलफल हुन्छ,’ मन्त्रिपरिषद्को बैठकपछि सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले भने । चीन जानुअघि बिआरआईबारे विवाद सिर्जना भएपछि प्रधानमन्त्री ओलीले पूर्वप्रधानमन्त्रीहरू र पूर्वपरराष्ट्रमन्त्रीहरूसँग छलफल गरेका थिए । भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले चीनका राष्ट्रपति सी चिनफिङसँग बेइजिङमा भेटवार्ता गर्ने कार्यक्रम रहेको छ ।

क्रमशः पृष्ठ २ मा

### यी हुन् एजेण्डामा परेका योजना

प्रधानमन्त्री केपी शर्मा ओली चीन जानुअघि सरकारले चीन सरकारसँग हुने विकास योजना २०२५ देखि ०२९ सम्मको सम्बन्धित समझदारीपत्र स्वीकृत गरेको छ । आइतबार साँझ बालुवाटारमा बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको सरकारका प्रवक्ता गुरुङले बताए ।

त्यसैगरी नेपाल र चीनबीच नेपालमा बोल्ने चिनियाँ भाषा विकास कार्यक्रमको समझदारी पनि स्वीकृत गर्ने गुरुङले बताए । ‘नेपाल सरकार र चिनियाँ सरकारबीच नेपालमा बोलिने चिनियाँ भाषा विकास कार्यक्रम परिचालनका सम्बन्धमा तयार भएको समझदारी पत्र स्वीकृत गर्ने र उक्त समझदारीपत्रमा सम्बन्धित समकक्षी पदाधिकारीबाट हस्ताक्षर गरी कार्यान्वयन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई अनुमति दिने निर्णय भएको छ,’ उनले भने । सरकारले प्रस्तावित चीनले दिने २० मिलियन अमेरिकी डलर अनुदान सहायता र ३०० मिलियन आरएमबी (चिनियाँ युआन) बराबरको आर्थिक तथा प्राविधिक सहायता पनि स्वीकृत गर्ने भएको छ ।

क्रमशः पृष्ठ २ मा

स्थानीय तह उपनिर्वाचन परिणाम

# बिरासत फर्काउँदै कांग्रेस, माओवादीलाई क्षति, बजेन घण्टी

### कहाँ कसले जिते

**नेपाली कांग्रेस**
दार्चुलाको दुहु–५, रूकुम पश्चिमको सानीभेरी गाउँपालिका–५, रोल्पाको रून्टीगढी गाउँपालिका–४, जाजरकोटको कुशे गाउँपालिका–७, डोटीको पूर्वीचौकी गाउँपालिका–६ र रौतहटको ईशनाथ नगरपालिका–७ मा

**नेकपा एमाले**
ओखलढुंगाको मोलुङ–५, महोत्तरीको रामगोपालपुर नगरपालिका–२

**माओवादी केन्द्र**
गोरखा नगरपालिका–५

**नेमकिपा**
कालिकोटको तिलागुफा गाउँपालिका–४

**स्वतन्त्र–** लक्ष्मीप्रसाद ओली
झापाको कन्काई नगरपालिका–६

*(आइतबार राति १२ बजेसम्मको परिणाम)*



**धनसिंह कुँवर (कांग्रेस)**
दुहु–५, दार्चुला



**विष्णुबहादुर मगर (माओवादी)**
गोरखा नगरपालिका–५, गोरखा



**लक्ष्मीप्रसाद ओली (स्वतन्त्र)**
कन्काई नगरपालिका–६, झापा



**गंगाबहादुर तामाङ (एमाले)**
मोलुङ–५, ओखलढुंगा

■ **जेबी योञ्जन**

**काठमाडौं–** आइतबार सम्पन्न स्थानीय तह उपनिर्वाचनको मतपरिणाम आउने क्रम जारी छ । यो समाचार तयार पार्दासम्म सार्वजनिक भएको मत परिणामको रुझानलाई हेर्दा प्रमुख सत्ताघटक नेपाली कांग्रेसले ‘विरासत’ जोगाउने देखिएको छ । प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रको आधार इलाका क्षेत्रमासमेत यसपटक कांग्रेसले विजयको झण्डा फहराएको छ । कांग्रेसले यो समाचार तयार पर्दासम्म छ वटा वडामा चुनाव जितेको छ ।

प्रधानमन्त्री केपी शर्मा ओलीको दल नेकपा एमालेले दुई ठाउँ चुनाव जितेको छ । नेकपा माओवादी केन्द्र, नेपाल मजदुर किसान पार्टी (नेमकिपा) र स्वतन्त्रले एक/एक ठाउँमा चुनाव जितेका छन् । कांग्रेसले ठाउँठाउँमा अग्रता लिएको छ । केही ठाउँमा एमालेको पनि अग्रता छ ।

प्रारम्भिक मत परिणामलाई आधार मान्दा माओवादी केन्द्रले भने उपनिर्वाचनमा ठूलो क्षति बेहोर्ने देखिएको छ । पहिलोपटक चुनावी प्रतिस्पर्धामा रहेको रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) कमजोर देखिएको छ । राजेन्द्र लिङ्देन नेतृत्वको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लाई पनि जनताले रोज्ने देखिएको छैन । अन्य दल पनि सशक्त देखिएका छैनन् ।

कांग्रेसले दार्चुलाको दुहु गाउँपालिका वडा नम्बर ५, जाजरकोटको कुशे गाउँपालिकाको वडा नम्बर ७ र रोल्पाको रुन्टीगडी गाउँपालिका वडा नम्बर ४ मा जित निकालेको छ ।

क्रमशः पृष्ठ २ मा

### कीर्तिपुरमा माओवादी केन्द्रलाई अग्रता

नगरप्रमुख पदका लागि उपनिर्वाचन भएको काठमाडौंको कीर्तिपुर नगरपालिकामा मतगणना जारी छ । यहाँ प्रारम्भिक चरणमा नेकपा माओवादी केन्द्रले अग्रता लिएको छ । यो समाचार तयार पार्दासम्म माओवादीले ३२७, एमालेले ३१० र कांग्रेसले २०० मत पाएका छन् ।

आइतबार भएको मतदानमा कीर्तिपुर नगरपालिकामा ६८.६६ प्रतिशत मत खसेको निर्वाचन आयोगले जनाएको छ । आयोगको विवरणअनुसार ३१ हजार ११२ मतदातामध्ये २१ हजार ३६२ मत खसेको हो ।

क्रमशः पृष्ठ २ मा

### ६२ प्रतिशत मतदान

विभिन्न ४१ रिक्त पदका लागि आइतबार भएको उपनिर्वाचनमा करिब ६२ प्रतिशत मत खसेको निर्वाचन अयोगले जनाएको छ । मतदाता दुई लाख २६ हजार ७९९ जना थिए । आयोगकी प्रवक्ता नीता पोखेल अर्यालका अनुसार नगरपालिका प्रमुख एक, उपप्रमुख एक, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार र वडाध्यक्ष ३३ पदका लागि आइतबार मतदान भएको थियो । उपनिर्वाचनमा २० राजनीतिक दलका तर्फबाट उम्मेदवारी परेको थियो । १०२ जना स्वतन्त्र उम्मेदवार पनि थिए । कुल उम्मेदवार ३७६ जना थिए ।

निर्वाचन शान्तिपूर्ण ढंगले सम्पन्न भएको भन्दै गृहमन्त्री रमेश लेखकले निर्वाचन प्रक्रियामा सहभागी सबैलाई धन्यवाद दिए । ‘म मतदानमा सहभागी सबै मतदाता, निर्वाचन आयोग, राजनीतिक दल, निर्वाचनमा संलग्न सुरक्षाकर्मी, निजामती कर्मचारी, सञ्चारमाध्यम र सबै दिदीबहिनी दाजुभाइमा हार्दिक धन्यवाद व्यक्त गर्दछु,’ उनले सामाजिक सञ्जाल फेसबुकमा लेखे । कांग्रेस सभापति शेरबहादुर देउवाले पनि निर्वाचन शान्तिपूर्ण ढंगले सम्पन्न भएको भन्दै सरकारलाई धन्यवाद दिए ।

सन्दर्भ: वैदेशिक रोजगार

# मलेसियाको पेट्रोल पम्पमा विदेशी कामदार राख्न पाइने



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मलेसिया सरकारले त्यहाँका पेट्रोल पम्पमा विदेशी कामदार भर्ना गर्न पाउने निर्णय गरेको छ । यो निर्णयसँगै मलेसियाका पेट्रोल पम्पहरूमा सञ्चालन हुने क्याफे तथा पसलहरूमा सरसफाइ तथा मर्मतसम्भारका लागि विदेशी कामदारले अवसर पाउने भएका छन् ।

मलेसियाका गृहमन्त्री सैफुद्दिन नासुसन इस्माइलले पेट्रोल पम्पहरूले विदेशी कामदार राख्न पाउने निर्णय गराएको त्यहाँको सञ्चारमाध्यम ‘द स्टार’ले जनाएको छ । मलेसियाले सन् १९९५ देखि पेट्रोल स्टेसनहरूमा विदेशी कामदार भर्ना गर्न नपाइने नियम लागू गरेको थियो । स्थानीयलाई नै रोजगारी दिनुपर्ने सर्त राख्दै त्यहाँको सरकारले विदेशी कामदार भर्ना गर्न बन्देज लगाए पनि स्थानीयले काम गर्न रुचि नदेखाएपछि पेट्रोल स्टेसन सञ्चालकहरूले कामदारको अभाव झेल्दै आएको बताइएको छ ।

पेट्रोल स्टेसनहरूमा काम गर्ने जनशक्ति आकर्षक पारिश्रमिक पाउने गरेका कारण पनि स्थानीयलाई प्राथमिकता दिएको हुनसक्ने बताइन्छ । पेट्रोल पम्पमा काम गर्न दक्ष कामदार चाहिने भएकाले उनीहरूको मासिक पारिश्रमिक न्यूनतम दुई हजार ३१० रिंगेट हुने व्यवस्था छ । यद्यपि, मलेसिया सरकारको निर्णयले विदेशी कामदारलाई पेट्रोल स्टेसनमा काम गर्ने अवसर खुलेको छ । साथै, त्यहाँका मानव संशाधनमन्त्री स्टिभन सिमले विदेशी कामदारलाई सप्लाई कम्पनीमार्फत नभई सीधै पेट्रोल स्टेसनहरूले नै व्यवस्थापन गर्नुपर्ने बताएका छन् । २४सै घण्टा चल्ने पेट्रोल पम्पहरू कामदारको अभावमा प्रतिदिन १८ घण्टामात्रै चलाउनुपर्ने अवस्था रहेको र राजस्वमासमेत असर गरेपछि सरकारले करिब ३० वर्ष पुरानो निर्णय परिवर्तन गरेको बताइन्छ ।

क्रमशः पृष्ठ २ मा

## जापानबाट पैसा पठाउँदा रोकायाले जितिन् एक करोड



**काठमाडौं (प्रस)–** आइएमईले सञ्चालन गरेको ‘आइएमई गरौं, करोडपति बनौं’ योजनाअन्तर्गत जापानबाट आइएमई गरेकी प्रमिला रोकायाले एक करोड रूपैयाँ जितेकी छन् । तीन वर्ष अघि जापान पुगेकी कैलालीकी रोकाया आइएमईमार्फत नेपालमा रेमिटचान्स पठाएबापत एक करोड रूपैयाँ जित्ने भाग्यशाली विजेता बन्न सफल भएकी हुन् ।

उनलाई जापानका लागि नेपाली राजदूत दुर्गाबहादुर सुवेदी, आइएमई लिमिटेडका सुशिल थापा र क्योदाई जापानका युचिरो किमोतो तथा कसिको कानीमोतो किमोतोले एक कार्यक्रमकाबीच शनिबार एक करोड रूपैयँको चेक हस्तान्तरण गरेका थिए । नेपालमा विदेशबाट पैसा पठाउन वैधानिक माध्यमको प्रयोग गर्न प्रोत्साहन गर्ने उद्देश्यले आइएमईले एक वर्षअघि नै उक्त योजनामा सहभागी हुने भाग्यशाली विजेतालाई एक करोड रूपैयाँ प्रदान गर्ने घोषणा गरेको थियो । साथै उक्त योजनाअन्तर्गत हरेक महिना एक/एक जनाले एक लाख राशीको नगद उपहार जित्दै आएको आइएमईले जनाएको छ ।

करोड राशीको चेक हात परेपछि पत्यारै लाग्न नसक्ने खुसी मिलेको रोकायाले प्रतिक्रिया दिएकी छन् । ‘आइएमईमार्फत रेमिटचान्स पठाउँदा नसोचेको खुसी मिलेको छ, पहिले विजेता भएको भन्दा पत्यारै लागेको थिएन, भाग्य नै चम्कियो, अब नेपालमा राम्रो घर बनाएर बाआमालाई राख्छु’ उनले भनिन् । आइएमई पे वालेट, बैंक खातामा रकम जम्मा गर्ने तथा आइएमई काउन्टरमा रकम पठाउने सेवाग्राहीहरू यस योजनामा सहभागी भएको आइएमईले जनाएको छ । विदेशमा रहेका नेपालीहरूलाई वैधानिक माध्यमबाट मात्र नेपालमा रकम पठाउन प्रोत्साहन गर्ने उद्देश्यले यस्तो योजना सञ्चालन गरिएको आइएमई लिमिटेडका अध्यक्ष हेमराज ढकालले बताए ।




## पृष्ठ १ बाट क्रमशः

बिरासत फर्काउँदै...

दुहु-५ मा कांग्रेसका धनसिंह कुँवर विजयी भएका छन् । उनले ३७६ मत पाउँदा निकट्तम प्रतिस्पर्धी एमालेका मानसिंह बडालले ३६३ मत पाएका छन् । उनी १० मतले पराजित भएका छन् । माओवादी केन्द्रका वीरसिंह कार्कीले ९८ मत पाए । यहाँ यसअघि माओवादीका मनोरथ भट्टले चुनाव जितेका थिए । यसपटक भने यहाँको वडाध्यक्ष माओवादीले गुमाएको छ ।

रुकुम पश्चिमको सानीभेरी गाउँपालिका-५ मा कांग्रेसकै उम्मेदवार विजयी भएका छन् । निर्वाचन आयोगका अनुसार कांग्रेसका उम्मेदवार मोतीराम खत्री ५९० मतका साथ विजयी भए । उनीसँग माओवादी केन्द्रका जसिराम बस्नेत ५३७ मत ल्याएर पराजित भए । यसअघि यहाँ कांग्रेसकै अलबहादुर खत्री वडाध्यक्ष निर्वाचित भएका थिए । यहाँ कांग्रेस उम्मेदवार खत्रीलाई एमालेले समर्थन गरेको थियो । अर्थात् यहाँ कांग्रेस-एमालेबीच गठबन्धन थियो ।

रोल्पाको रुन्टीगढी गाउँपालिका-४ मा कांग्रेसकै भूपमणि पुनमगर ६४३ मतसहित विजयी भएका छन् । माओवादीको आधार इलाका यस ठाउँमा एमालेले ५३५ मत पाउँदा माओवादी केन्द्र ७० मतमा सीमित बनेको छ । रास्वपाले १०, राप्रपाले ७ र मंगोल नेसनल अर्गनाइजेसनले सात मत पाए । जाजरकोटको कुशे गाउँपालिका-७ को वडाध्यक्षमा पनि नेपाली कांग्रेसका खम्बबहादुर सिंह निर्वाचित भएका छन् । सिंहले ३४७ मत ल्याएर जितेका हुन् । उनको निकटतम् प्रतिद्वन्द्वी माओवादी केन्द्रका गोरखबहादुर नेपाली बने । नेपालीले ३३२ मत पाए । यस वडामा गत निर्वाचनमा माओवादीका मनबहादुर घर्ती ३८० मत ल्याएर निर्वाचित भएका थिए ।

डोटीको पूर्वीचौकी गाउँपालिका-६ को वडाध्यक्षमा कांग्रेसका मोहन थापा निर्वाचित भएका छन् । थापा ४६८ मतका साथ निर्वाचित हुँदा उनका निकट्तम प्रतिस्पर्थी एमालेका देव थापाले ३०१ मत पाए । माओवादी केन्द्रका देवीलाल थापाले २६ मत पाउँदा रास्वपाकी जानकी खड्का कुँवरले ३१ मत पाइन् । यहाँ यसअघि कांग्रेसकै पुष्प जोशी अध्यक्षमा निर्वाचित भएका थिए ।

रौतहटको ईशनाथ नगरपालिका-७ मा नेपाली कांग्रेसका उम्मेदवार विजयी भएको छ । कांग्रेसका उम्मेदवार शेख अब्दुल खालिक ६२७ मतसहित विजयी भएका हुन् । उनका निकटतम् प्रतिस्पर्धी एमालेका शेख अनवारले ५७५ मत प्राप्त गरे । नेकपा एकीकृत समाजवादीका उम्मेदवार तेस्रो भएका छन् । एकीकृत समाजवादीका सदरे आलमले ४५२ मत प्राप्त गरेका छन् । यसअघि यो वडा नेकपा एमालेका शेख खलीउल्लाहले जितेका थिए ।

प्रधानमन्त्री ओलीको दल एमालेले ओखलढुंगाको मोलुङ गाउँपालिका-५ बाट खाता खोलेको छ । त्यहाँ एमाले उम्मेदवार गंगाबहादुर तामाङ निर्वाचित भए । उनले कांग्रेस उम्मेदवार घनश्याम दाहाललाई पराजित गरे । तामाङले ३९९ मत र दाहालले १७७ मतमात्र पाए । यहाँ यसअघि कांग्रेसबाट वडाध्यक्षमा गोपीकृष्ण कार्की निर्वाचित भएका थिए । तर, यसपटक कांग्रेस उम्मेदवारलाई दोब्बरभन्दा बढी मतले एमाले उम्मेदवार तामाङले पराजित गरेका हुन् । रास्वपा उम्मेदवार विष्णुप्रसाद पोखरेलले १५१ मत प्राप्त गरेका छन् । माओवादी केन्द्रका उम्मेदवार मानबहादुर सुनुवारले २३ मत प्राप्त गरेका छन् । त्यहाँ यसअघि २०७९ को निर्वाचनमा कांग्रेसका गोपी कार्की निर्वाचित भएका थिए ।

यस्तै, महोत्तरीको रामगोपालपुर नगरपालिका-२ को वडाध्यक्षमा एमालेका उम्मेदवार विजयी भएको छ । एमालेका सकिबुल खाँ ६३१ मत ल्याउँदै विजयी भएका हुन् । दोस्रो स्थानमा माओवादी केन्द्र रहयो । माओवादी उम्मेदवार आइतीकुमार यादवले ५३४ मत प्राप्त गरिन् । कांग्रेस उम्मेदवार मोहम्मद जनिफ खाँले २८४ मत पाए ।

गोरखा नगरपालिका-५ को अध्यक्ष पद भने माओवादी केन्द्रले जितेको छ । माओवादी केन्द्रका उम्मेदवार विष्णुबहादुर मगर ४८६ मतसहित वडाध्यक्षमा विजयी भएका हुन् । यहाँ यसअघि एमालेका खिलबहादुर राना निर्वाचित भएका थिए । तर, माओवादीले नै जितेको कालिकोटको तिलागुफा नगरपालिका-४ को वडाध्यक्षमा नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का खड्कराज शाही निर्वाचित भएका छन् । उनी १४३ मत ल्याएर वडाध्यक्षमा विजयी भएका हुन् । यहाँ एकीकृत समाजवादीको साथ पाएको माओवादीका नैशोभा शाहीले ११५, एमालेबाट ऐनबहादुर शाहीले ७८, कांग्रेसबाट पैलन बहादुर शाहीले ४९ मत पाएका छन् । यस्तै राप्रपा १५, स्वतन्त्रले पाँच र चार मत बदर रहेका छन् ।

झापाको कन्काई नगरपालिका-६ मा स्वतन्त्र उम्मेदवार लक्ष्मीप्रसाद ओलीले बाजी मारेका छन् । प्रमुख दलका उम्मेदवारहरूलाई पराजित गर्दै उनी निर्वाचित भएका हुन् । चापाकल चुनाव चिह्न लिएर उपनिर्वाचनमा सहभागी भएका उनी ४९३ मतसहित विजयी भएका हुन् । उनका प्रतिस्पर्धी एमालेका उम्मेदवार तुलाराम बस्नेतले ३५६ मत प्राप्त गरेका छन् ।

त्यस्तै, नेपाली कांग्रेसका रामगोपाल ओलीले ३ सय १७ र माओवादी केन्द्रका गणेशबहादुर थापाले २ सय ७७ मत पाए । यहाँ यसअघि एमालेका दीर्घबहादुर थापा अध्यक्षमा निर्वाचित भएका थिए । यसपटक गुमाएको छ ।

### कसको कहाँ अग्रता ?

माओवादीले उदयपुरको त्रियुगा नगरपालिका १२ मा पनि लगातार अग्रता लिएको छ । ३०० मत गणना सकिँदासम्म माओवादी उम्मेदवारले १०३, एमाले उम्मेदवारले ७६, कांग्रेस उम्मेदवारले ४५, नेकपा एसका उम्मेदवारले ४१ र रास्वपा उम्मेदवारले २२ मत पाएका छन् । यहाँ यसअघि कांग्रेसका चुडाराज काफ्ले निर्वाचित भएका थिए ।

उदयपुरको छिमेकी जिल्ला सुनसरीको गढी गाउँपालिका ६ को वडाध्यक्षमा नेपाली कांग्रेसले अग्रता लिएको छ । ३ सय मत गन्दा नेपाली कांग्रेसका तेतर साहुले अग्रता लिएका हुन् । उनले १५९ मत पाएका छन् भने एमाले उम्मेदवारले १४८ मत पाएका छन् । माओवादी केन्द्रका उम्मेदवारले १३५ मत पाउँदा रास्वपाका उम्मेदवारले सात मत पाएका छन् । यसअघि २०७९ मा भएको चुनावमा एमालेका षडानन्द उराव निर्वाचित भएका थिए ।

उता गुल्मीको मुसिकोट नगरपालिका-१ को वडाध्यक्ष पदका लागि भएको उपनिर्वाचनको मतगणना चलिरहेको छ । यो समाचार तयार पार्दासम्म कांग्रेसका आनन्द श्रेष्ठले ५५० मत प्राप्त गरेका छन् । एमालेका दलबहादुर थापाले ५२० मत प्राप्त गरेका छन् । माओवादी केन्द्रका दुर्गाबहादुर विकले ५९, राष्ट्रिय स्वतन्त्र पार्टीका विकास थापाले २७ र राष्ट्रिय पजातन्त्र पार्टीका ईश्वरी खाती क्षत्रीले चार मत प्राप्त गरेका छन् ।

■■■

## कीर्तिपुरमा...

कीर्तिपुरमा मेयर पदमा र वडा नम्बर १ र ४ मा वडाध्यक्ष पदमा उपनिर्वाचन भएको थियो । यसैगरी काठमाडौं महानगरपालिका वडा नम्बर १६ मा भने ५० प्रतिशतमात्र मत खसेको छ । यस्तै, मोरङको ग्रामथान गाउँपालिकाको अध्यक्ष पदका लागि भएको उपनिर्वाचनमा मतगणना जारी छ । ग्रामथानमा २६ हजार ४४ मतदाता रहेका थिए ।

■■■

## जम्बो टोली...

यसैगरी ओलीले चिनियाँ समकक्षी लीसँग भेटवार्ता गरी द्विपक्षीय हितका विविध विषयमा विचार आदानप्रदान गर्ने छन् । प्रधानमन्त्री ओलीसँग चीनको राष्ट्रिय जनकांग्रेसका स्थायी समिति अध्यक्ष झाओ लेजीसँगसमेत भेट हुने तालिका रहेको छ । भ्रमणका क्रममा प्रधानमन्त्री ओलीले पेकिङ विश्वविद्यालयमा सम्बोधन गर्ने कार्यतालिकासमेत बनेको छ । यस्तै उनले बेइजिङस्थित नेपाली दूतावास, चाइना काउन्सिल फर द प्रमोसन अफ इन्टरनेसनल ट्रेड र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुने नेपाल-चीन व्यापार मञ्चलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ । प्रधानमन्त्री ओली नेतृत्वको टोली यही मंसिर २० गते स्वदेश फर्कने कार्यक्रम रहेको छ ।

### को-को जाँदै छन् सरकारी टोलीमा

प्रधानमन्त्री केपी ओलीसँग चीन जाने टोलीमा प्रधानमन्त्री पत्नी राधिका शाक्य, परराष्ट्रमन्त्री डा..आरजु राणा देउवा, प्रधानमन्त्रीका प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमाल, आर्थिक सल्लाहकार डा. युवराज खतिवडा, मुख्यसचिव एकनारायण आर्याल, परराष्ट्र मन्त्रालयका मार्यादापालक प्रमुख विष्णुप्रसाद गौतम, प्रधानमन्त्रीका एडिसी दिवाकर खड्का छन् ।

चार्टर्ड विमान हिमालयन एयरमा प्रधानमन्त्री ओलीसँगै सांसदहरू अर्जुननरसिंह केसी, श्यामकुमार घिमिरे, लिलानाथ श्रेष्ठ, विजुला रायमाझी, रेखा शर्मा, विरेन्द्र महतो, दीपक कार्की, सर्वेन्द्रनाथ शुक्ला, रञ्जिता श्रेष्ठ पनि हुने छन् । त्यसैगरी अर्थ मन्त्रालयका सचिव रामप्रसाद घिमिरे र परराष्ट्रमन्त्रालयका निमित्त सचिव अमृतबहादुर राई पनि रहने छन् ।

लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत सुशील ज्ञवाली, प्रधानमन्त्री ओलीका निजी डाक्टर दिव्या सिंह शाह, मदन भण्डारी युनिभर्सिटी अफ साइन्स एन्ड टेक्नोलोजीका प्रोफेसर पदमसुन्दर जोशी, प्रधानमन्त्री ओलीका निजी सचिव राजेश बज्रचार्य, परराष्ट्र मन्त्रालयका चीन हेर्ने उत्तरपूर्व विभागका सहसचिव कृष्णप्रसाद ढकाल, उत्तरपूर्व एसिया विभागका उपसचिव मणिरत्न शर्मा, प्रधानमन्त्रीका निजी उपसचिव उदय पोखरेल र कमल रावल, परराष्ट्र मन्त्रालयका मर्यादापालक कर्मचारी रिचा भट्टराई पनि प्रधानमन्त्री ओली चढेकै विमानबाट चीन जाने भएका छन् ।

त्यस्तै, परराष्ट्रकै उत्तरपूर्व एसिया डिभिजन हेर्ने सेक्सन अफिसरहरू जानकी ओझा, सुजन लामिछाने, मार्यादापालक विनोद खनाल, प्रधानमन्त्री ओलीका निजी सचिवालयका जयश्री शाक्य, परराष्ट्रमन्त्री आरजुका निजी सचिव अनिता सिंह, प्रधानमन्त्री ओलीका सुरक्षा अधिकारी माधव केसी, प्रधानमन्त्रीका प्रेस सल्लाहकार प्रकाश सिलवाल, नेपाल टेलिभिजनका क्यामरा पर्सन प्रधुमन ढुंगेल, प्रधानमन्त्रीका निजी फोटोग्राफर आशिष पौडेल पनि सोही विमानबाट चीन जाँदै छन् ।

निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकाल, नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवाल, नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश अग्रवाल, स्वतन्त्र ऊर्जा उत्पादन संघका अध्यक्ष गणेश कार्की, नेपाल अटोमोबाइल डिलर संघका अध्यक्ष करन चौधरी, आयात गर्ने उद्यमी महासंघका अध्यक्ष शंकरप्रसाद पाण्डे र साना उद्योग महासंघका अध्यक्ष उमेशप्रसाद सिंह पनि प्रधानमन्त्री ओलीकै साथमा जाने बताइएको छ । प्रधानमन्त्री ओलीको चीन भ्रमण दलमा ३९ जना सरकारी र ४८ जना निजी क्षेत्रका गरी ८७ जना रहने यसअघिको मन्त्रिपरिषद्बाट स्वीकृत भइसहेको छ । त्यसमध्ये केही व्यापारीसहितका टोली व्यावसायिक उडानमार्फत आइतबार नै चीन प्रस्थान गरिसकेका छन् ।

■■■

## यी हुन् ...

'प्रस्तावित २० मिलियन अमेरिकी डलर नगद अनुदान सहायता स्वीकार गर्नेसम्बन्धी आदानप्रदानपत्रको मस्यौदा स्वीकृत गर्ने, उक्त पत्रमा नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्न अर्थ मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने,' मन्त्रिपरिषद्को बैठकपछि मन्त्री गुरुङले भने, 'प्रस्तावित ३०० मिलियन आरएमबी (चिनियाँ युआन) बराबरको आर्थिक तथा प्राविधिक अनुदान सहायता स्वीकार गर्ने सम्झौता स्वीकृत गर्ने, उक्त सम्झौतामा नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्न अर्थ मन्त्रालयका सचिवलाई अख्तियारी प्रदान गर्ने निर्णय ।'

त्यसैगरी सरकारले सार्वजनिक सेवा प्रसारण संस्था नेपाल टेलिभिजन र रेडियो नेपाल र चाइना मिडिया ग्रुपबीच हुने समझदारीपत्र स्वीकृत गर्ने, उक्त समझदारीपत्रमा नेपाल सरकारको तर्फबाट अख्तियारी परराष्ट्र मन्त्रालयलाई दिने भएको छ ।

प्रधानमन्त्री ओलीको चीन भ्रमणका क्रममा काठमाडौं चक्रपथ निर्माण सम्पन्न गर्ने, अरनिको राजमार्ग मर्मत गर्ने, हिल्सा-सिमिकोट, कोरला नाकामा आवश्यक पर्ने सबै सीमानाका व्यवस्थित गर्न चेक पोस्ट निर्माण गर्ने बारेमा पनि सहमति गर्ने निर्णय भएको उनले बताए । यो भ्रमणमा टोखा-खहरे टनेल मार्ग निर्माणमासमेत सहमति हुने उनले बताए । 'योसँगै अब दुई घण्टा लाग्ने बाटो तीन मिनेटमा पार गर्न सकिने छ,' मन्त्री गुरुङले भने । त्यसैगरी जिलुङ-केरुङ-काठमाडौं 'क्रस बोर्डर रेल्वे प्राजेक्ट'को अध्ययन सुरु गरिने, खाँदबारी-किमाथांका सडकमा अरुण नदीमा मितेरी पुल बनाउने, चोभारमा बहुउपयोगी क्वारेन्टिन, कोरलामा औद्योगिक जोन बनाउने बारेमा पनि सहमति गर्ने गुरुङले बताए ।

त्यसैगरी चीनले १०० वटा विद्युतीय गाडी, १०० वटा प्रहरी भ्यान, ५० वटा स्कुल भ्यान, ५० वटा एम्बुलेन्स दिने तयारीसमेत रहेको मन्त्री गुरुङले बताए ।

■■■

## मलेसियाको पेट्रोल...

गत मे ३१ देखि विदेशी कामदारको नयाँ भर्ना लिन बन्द गरेको मलेसिया सरकारलाई कामदारको अभाव हुँदै गएपछि त्यसको व्यवस्थापन गर्न दवाव बढ्दै गएको छ । जसका कारण विभिन्न क्षेत्रको वर्गीकरण गर्दै नयाँ विदेशी कामदार भर्ना गर्ने मलेसिया सरकारले निर्णय गरेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए । 'पछिल्लो समय आइरहेका खबरहरूले सुस्ताइरहेको मलेसिया रोजगारी तंग्रिन मद्दत पुग्छ कि भन्ने लागेको छ,' उनले भने, 'कामदारको अभाव भएका विभिन्न क्षेत्रको वर्गीकरण गर्दै विदेशी कामदारको माग गर्न थालिएको छ ।'

■■■

**नेपाल सरकार**
**दावी विरोध सम्बन्धी**
**वैदेशिक रोजगार विभागको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था **Dreamland Management Pvt.Ltd. (ई.प.नं.७७६/०६५/०६६) को साविक काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०७** मा कार्यालय रहेको साविकको ठेगाना परिवर्तन गरी **काठमाडौं जिल्ला टोखा नगरपालिका वडा नं. ०४** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाइ मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**एनएमबि बैंक लिमिटेड**
**बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०**
**हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**
**प्रकाशित मिति: २०८१/०८/१७**

यस बैंकको निक्षेपकर्ता श्री जिब बल्लभ भट्टराईको नाती, श्री मुरलीधर भट्टराईको छोरा, काठमाडौं जिल्ला काठमाडौ महानगरपालिका वडा नं. ११ बस्ने श्री विश्व नाथ शर्मा बल्लभ (ना. प. नं. २७१०६०/९२९६८, जारी मिति २०६८/१२/२४) वर्ष ७९ को उमेरमा मिति २०८१/०६/२३ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खालिएको बचत खातामा रहेको रकमहरु उपलब्ध गराई दिनु होस् भनी निजको छोरी विजया भट्टराईले मृत्यु दर्ताको प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निबेदन दिनु भएको हदा निज निक्षेपकर्ताको निक्षपमा निवेदक बाहेक अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना उपरोक्त प्रकाशीत भएको मितिले ३५ दिन भित्र हकदावी गर्न आउने हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निबेदको माग बमोजिमको छोरी विजया भट्टराईको हक कायम हुने हुदाँ सम्बधित सबैकको जानकारीको लागी यो सुचना प्रकाशीत गरिएको छ ।

**१५ औं वार्षिक साधारण सभा हुने बारे सूचना**

यस हे युवा बचत तथा ऋण सहकारी संस्थाको मिति २०८१/०७/२८ बुधबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार तपशिलको मिति, समय र स्थानमा संस्थाको १५औं बार्षिक साधारणसभा हुने भएकोले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**तपशिल**
मिति: २०८१ साल पौष ०६ गते शनिबार
समय: दिनको १२:३० बजे
स्थान: ताज बेन्क्वेट, का.म.न.पा-३२, तीनकुने, सुविधानगर काठमाडौं ।
संस्थाका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई यसै सूचना मार्फत सभामा सहभागी हुन सादर अनुरोध गरिन्छ ।

**हे युवा बचत तथा ऋण सहकारी संस्था लि**


**साउदीमा रोजगार** कम्पनी : **AFANEEN DECORATION EST**

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ LT. No. 314323 चलानी नं. ६०२२८८७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 2 | 0 | 1200 | ४३,१३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **ARABIAN TRUCK FOR LOGISTICS SERVICES COMPANY** सेवा शुल्क: १०,०००

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ LT. No. 314685 चलानी नं. ६०२२८८९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 1 | 0 | 1900 | ६८,३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २२ गते (7th Dec. 2024) मा हुनेछ ।

(नोट : यो सूचना मंसिर १५ गते प्रकाशन हुनुपर्नेमा प्राविधिक कारण छुट्न गई आज मिति २०८१ मंसिर १७ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.** License No. : 1000/068/69
Basundhara Chowk-8, Kathmandu, Nepal, Phone No.: +977-1-4364494, 4352243, Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np



**साउदीमा रोजगार** कम्पनी : **JAWAA HUMAN RESOURCES COMPANY**

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ LT. No. 307671 चलानी नं. ६०२२२४०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 1 | 0 | 1000 | ३५,९४९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २४ गते (9th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Reliance Recruitment Services Pvt. Ltd.** श्रम इजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

**युएइमा रोजगार** कम्पनी : **S K M Technical Works LLC**

पूर्व स्वीकृति मिति : २०८१/०८/१४ LT. No. 314628 चलानी नं. ६०२२८९३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Plumber | 3 | 0 | 1200 | ४४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | General Construction Carpenter | 3 | 0 | 1200 | ४४,१२५ | | | | | | | |
| 3 | General Mason | 3 | 0 | 1200 | ४४,१२५ | | | | | | | |
| 4 | Helper | 3 | 0 | 1000 | ३६,७७० | | | | | | | |
| 5 | Steel Fixer (Reinforce Fitter) | 3 | 0 | 1200 | ४४,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २४ गते (9th Dec. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**OM OVERSEAS EMPLOYMENT PVT.LTD** Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9801020501
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

सोमबार, १७ मंसिर, २०८१

| | |
|---|---|
| मेष | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| वृष | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| मिथुन | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |
| कर्कट | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| सिंह | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| कन्या | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| तुला | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| वृश्चिक | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| धनु | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| मकर | अरूको करकापमा काम गर्न बाध्य । |
| कुम्भ | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| मीन | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातव्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१७ मंसिर, २०८१ (०२ डिसेम्बर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.६३ | १३५.२३ |
| युरो | १ को | १४१.४८ | १४२.११ |
| पाउन्ड स्टिर्लङ | १ को | १६९.३० | १७०.०६ |
| स्विस फ्रैन्क | १ को | १५१.९३ | १५२.६० |
| अस्ट्रेलियन डलर | १ को | ८७.३० | ८७.६९ |
| क्यानाडियन डलर | १ को | ९५.५० | ९५.९२ |
| सिङ्गापुर डलर | १ को | ९९.९५ | १००.३९ |
| जापानी येन | १० को | ८.७५ | ८.७९ |
| चिनियाँ युआन | १ को | १८.५७ | १८.६५ |
| साउदी अरब रियाल | १ को | ३५.८४ | ३६.०० |
| कतारी रियाल | १ को | ३६.९३ | ३७.०९ |
| थाई भाट | १ को | ३.८८ | ३.९० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.६५ | ३६.८२ |
| मलेसियन रिङेट | १ को | ३०.२० | ३०.३४ |
| दक्षिण कोरियन वन | १०० को | ९.६३ | ९.६७ |
| स्विडिस क्रोनर | १ को | १२.२७ | १२.३३ |
| डेनिस क्रोनर | १ को | १८.९७ | १९.०५ |
| हङकङ डलर | १ को | १७.३० | १७.३८ |
| कुवेती दिनार | १ को | ४३७.५८ | ४३९.५३ |
| बहराइन दिनार | १ को | ३५७.११ | ३५८.७० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# फार्मेसीमा पोसाक र परिचयपत्र अनिवार्य

**काठमाडौं (प्रस)–** नेपाल फार्मेसी परिषद्ले आगामी पुस ४ गतेदेखि 'फर्मासिस्ट'लाई अनिवार्य पोसाक र परिचयपत्रको व्यवस्था लागू गर्ने भएको छ । उक्त व्यवस्था लागू गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आवश्यक सहयोग गर्ने जनाएको छ ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलको आग्रहबमोजिम परिषद्ले पहिलो चरणमा फर्मासिस्टको पहिचान खुलाउन पोसाक अनिवार्य गर्ने निर्णय गरेको थियो । परिषद्ले फर्मासिस्ट तथा सहायकका लागि सेतो एप्रोनसहितको पोसाक र पोसाकमै परिचयपत्र अनिवार्य गर्ने जनाएको छ । कुनै पनि सामुदायिक फार्मेसी वा अस्पताल फार्मेसीमा औषधि वितरणमा कार्यरत फर्मासिस्टले एप्रोनसँगै हरियो पृष्ठभूमिमा सेतो रङको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर तथा फार्मेसी सहायकले निलो पृष्ठभूमिमा सेतो रङको अक्षरमा नाम, पद र परिषद् दर्ता नम्बर अनिवार्य राख्नुपर्ने निर्णय आगामी पुस ४ गतेदेखि लागू हुँदै छ । यस निर्णयले औषधि बिक्रीवितरणमा आधिकारिक व्यक्तिमात्र संलग्न हुने र कुनै कैफियत देखिएमा कारबाही गर्न सहयोग पुग्ने परिषद्का रजिस्टार सञ्जिवकुमार पाण्डेले बताए । मन्त्री पौडेलले यस व्यवस्थाको अनुगमन कडा गर्न आग्रह गर्दै मन्त्रालयले कार्यान्वयनका लागि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । औषधि बिक्रीवितरणलाई व्यवस्थित र नियमित बनाउन मन्त्री पौडेलले औषधि व्यवस्था विभागलाई अनुगमन बढाउन सजग गठराएका छन् ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले परिषद्को निर्णय कार्यान्वयनमा सहयोग गर्न मन्त्रालयले पत्राचार गर्ने बताए । यसका अलावा औषधि बिक्रीवितरणमा बेथिति देखिए नदेखिएको अनुगमन गर्ने र दोषी देखिएमा एकैसाथ कारबाही गरिने उनले बताए । औषधिको मूल्य समायोजन गर्न गठित समितिले काम गरिरहेको छ ।

# 'नियमित औषधि सेवन गरे सक्रिय जीवन बाँच्न सकिन्छ'

■ **बुनु थारू**

**काठमाडौं–** आफू एचआइभी संक्रमित भएको थाहा पाउँदा धरानका खगेन्द्र खड्कालाई संसारै अन्धकार लागेको थियो । एकातिर परिवार र समाजले के भन्ला भन्ने भय, अर्कोतिर अब धेरै बाँचिदैन भन्ने डर । लागुऔषध प्रयोग गर्ने क्रममा २६ वर्षअघि उनमा एचआइभी देखिएको थियो ।

संक्रमण पुष्टि भएको पाँच वर्षसम्म पनि उनी लागुऔषधबाट मुक्त हुन सकेनन् । २०६३ सालमा एक पुन:स्थापना केन्द्रको सहयोगमा उनी दुर्व्यसनीबाट मुक्त भए । त्यसयता खड्का विभिन्न सामाजिक संस्थामा आबद्ध भई संक्रमितका हितमा वकालत तथा परामर्श दिँदै आएका छन् । एचआइभी संक्रमण भएकै कारण विभेद र लाञ्छना भोग्नुपरेको संक्रमितसँग धेरै अनुभव छन् ।

२३ वर्षअघि खड्काको एक दुर्घटनामा हात भाँचिएको थियो । उनी उपचारका लागि अस्पताल पुग्दा रिपोर्टमा संक्रमित भएको थाहा पाएपछि स्वास्थ्यकर्मीले 'प्लास्टर' गर्नुपर्नेमा 'ब्यान्डेज' मात्र गरेर पठाइदिएका थिए । जसले गर्दा उनको एउटा हात अझै राम्रो अवस्थामा छैन । खड्का एचआइभी संक्रमितप्रतिको दृष्टिकोण पहिले र अहिलेमा आकाश जमिनको फरक रहेको बताउँछन् । उनी भन्छन्, 'मलाई संक्रमण पुष्टि भएको त्यो समय र अहिले फरक छ । समाजमा लाञ्छना भोगिरहेका होलान् तर पहिले भन्दा निकै कम छ ।' उनकाअनुसार नियमित औषधि सेवन, स्वस्थ्य जीवनयापन तथा पौष्टिक आहारले एचआइभी संक्रमित सक्रिय जीवन बाँच्न सक्छन् । उनी भन्छन्, 'एड्सबाट सुरक्षित रहन परिवार तथा समाजलाई सजग गराएको छु । सबैले सुरक्षित व्यवहार गर्नुपर्छ । मेरी श्रीमती र दुई जना बच्चा छन् । उनीहरू कसैमा पनि संक्रमण छैन ।'

राष्ट्रिय एचआइभी तथा एड्स महासंघ नेपालका अध्यक्षसमेत रहेका उनले सकारात्मक सोचले नै जीवन बाँच्ने ऊर्जा प्रदान गर्ने बताए । संघले संक्रमितको जीवन राम्रो बनाउने, जोखिमपूर्ण समुदायको परीक्षणद्वारा पहिचान गराउने र थप जोखिमबाट बचाउने काम गरिरहेको छ ।

२६ वर्षीया यशोदा तिमिल्सिना एचआइभी संक्रमण पुष्टि भएपछि आफूजस्तै थुप्रै संक्रमितलाई यसबारे पैरवी र परामर्श दिँदै आएका छन् । उनको सुझाव छ, 'पहिले यो रोगलाई प्राणघातकको रूपमा लिइन्थ्यो । अहिले त्यस्तो अवस्था छैन । संक्रमण हुनेबित्तिकै डराउनु र आत्तिनु पर्दैन किनकि लामो जीवनयापन गर्न औषधि उपलब्ध छन् ।' राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रको पछिल्लो तथ्यांकअनुसार सन् २०२३ को अन्त्यसम्म नेपालमा ३० हजार ३०० व्यक्तिमा एचआइभी संक्रमण भएको अनुमान छ ।

सन् २०२३ मा चार सय ५७ व्यक्तिमा एचआइभीको नयाँ संक्रमण भएको अनुमान गरिएको छ । सन् २०२३ मा मात्रै २२१ व्यक्तिको एड्सका कारण मृत्यु भएको अनुमान गरिएको छ । नेपालमा एचआइभी संक्रमणको उच्च जोखिममा सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेहरू, यौनकर्मी, जेलमा रहेका कैदी, पुरुष समलिंगी तथा तेस्रोलिंगी र रोजगारीका लागि विदेसिनेहरू छन् । यीमध्ये सुईद्वारा लागुपदार्थ प्रयोग गर्नेहरू र पुरुष समलिंगी यौनकर्मीमा संक्रमणदर अरु जोखिम समूहभन्दा उच्च छ ।

नेपालमा सन् २०३० सम्ममा एड्सको महामारी अन्त्य गर्ने लक्ष्य हासिल गर्न ९५ प्रतिशत एचआइभी संक्रमितले आफ्नो संक्रमण अवस्थावारे थाहा पाउने, तीमध्ये ९५ प्रतिशतको औषधि उपचारमा पहुँच हुने र ती औषधि खानेमध्ये ९५ प्रतिशतको शरीरमा भाइरसको भार (भाइरल लोड) न्यून हुनुपर्ने भनिएको छ । हरेक वर्ष डिसेम्बर १ का दिन विश्व एड्स दिवस मनाइन्छ । यो वर्ष 'एड्स अन्त्यका लागि सबैको अधिकार सुनिश्चित गरौं' भन्ने नाराका साथ ३७औं एड्स दिवस विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइँदै छ । *रासस*

## NOC हरायो

मिति २०७८/०७/२७ गते कोटेश्वरदेखि बानेश्वर सम्म जाने क्रममा मेरो निम्न व्यहोरा भएको माल्टाको लागि जारी भएको NOC हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम थर : **संजोग राई**
NOC नं : **७८४१८३४६६**
जारी भएको मिति : **२०७८/04/20**
ठेगाना: **काठमाडौं–३१, बानेश्वर**
फोन नं : **९८०८२३९३३५**

## माइग्रेसन हराएको सूचना

मिति २०८१-७-१५ गते कपन देखि गौशाला सम्म जाँदा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम - आयुष दाहाल
रजिष्ट्रेसन नं.- ७५७६३३१३२
सिम्बोल नं.- २७६०८५६३
ठेगाना- बु.न.पा-१२, काठमाडौं
**सम्पर्क-९८०८१८२११०**

## Invitation for Bids

**Barhabise Municipality**
**Office of the Municipal Executive**
Barhabise, Sindhupalchok
**Date of publication: 2081/08/16 (2024/12/01)**

The Barhabise Municipality Office invites electronic Sealed Quotation bids from eligible bidders for the following procurement.

| S. N. | Contract ID | Name of Work | Bid Document Fee | Bid Security Amount NRs | Estimated Amount Without VAT (NRs) | Bid Submission Last Date Time | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|---|
| 1 | BMP/NCB/W/02/2081/82 | Kalikastan Hudai Ramche Gairigaun Road Upgrading Work Ba.Na.Pa 9 | 3,000.00 | 413000.00 | 1375908.02 | 31stDecember, 2024 (16th Poush, 2081) 12:00hrs | 31stDecember, 2024 (16th Poush, 2081)14:00hrs |

Eligible Bidders may obtain further information and inspect the bidding documents at the Barhabise Municipality, Barhabise Sindhupalchok, Telephone: 011489021, Email: dms.barhabisemun@gmail.com, or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
Bidder may download the bidding documents for e-submission from PPMO's Web Site.

**Chief Administrative Officer**

## साउदीमा रोजगार

कम्पनी : **FIRST SAUDI INDUSTRIAL COMPANY ONE PERSON COMPANY.**

पूर्व स्वीकृति मिति : २०८१/०२/१८ पून: विज्ञापन स्वीकृति मिति : २०८१/०८/१६ LT. No. 305623 चलानी नं. ६०२२०४५५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1800 | ६४,७०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading and Unloading Labor | 2 | 0 | 1000 | ३५,९४९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २४ गते (9th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1161/073/74
**HALESI OVERSEAS PVT LTD**
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com

## साउदीमा रोजगार

कम्पनी : **Bashaer Moeed Al-Mutairi Communications Company**

पूर्व स्वीकृति मिति : २०८१/03/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१६ LT. No. 306976 चलानी नं. ६०२२१७०६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING AND UNLOADING WORKER | 1 | 0 | 1000 | ३६,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २४ गते (9th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**BELIEVABLE OVERSEAS PVT.LTD.**
Mahaharajgunj, Sallaghari, Kathmandu, Nepal, Contact: 01-4378500 , 014017815, E-mail : believableoverseas@gmail.com
Govt. License No. 1283/074/75

## कतारमा रोजगार

कम्पनी : **LALIT CLEANING AND CONTRACTING**

पूर्व स्वीकृति मिति : २०८१/०८/१६ LT. No. 314731 चलानी नं. ६०२२९०४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen.clean.worker | 3 | 10 | 1000 | ३७,१३० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labourer | 1 | 0 | 1000 | ३७,१३० | | | | | | | |
| 3 | Supervisor | 0 | 1 | 2500 | ९२,८०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २४ गते (9th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं १५७०/०७९/८०
**SHIVAM INTERNATIONAL**
Manpower Services Pvt. Ltd
Sinamangal-9, Kathmandu Nepal
Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com
Web: www.shivamintlmanpower.com.np

## Belbari Municipality

**Office of the Municipal Executive**
**Belbari, Morang**
**Request for Quotation**
**for**

### HIRING A FIRM FOR SKILLS DEVELOPMENT TRAINING

(Date of First Publication: 2081-08-17)

1. The Ministry of Labor, Employment and Social Security (MoLESS), Prime Minister Employment Program (PMEP) has received financing from the International Development Association (IDA) toward the cost of Youth Employment Transformation Initiative (YETI) Project. Belbari Municipality Morang District has received fund on conditional grant through fiscal transfer from the YETI Project and intends to apply part of the proceeds toward payments under the contract for Hiring a Firm for Skills Development Training in Belbari Municipality.
2. A firm will be selected through an open competitive process under the procedures "as specified in the Project Operations Manual of YETI Project from Request for Quotation (RFQ)
3. Belbari Municipality, Office of The Municipal Executive, Morang District invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S. N. | Description | RFQ Document fee (non-refundable) | Deadline of RFQ-document purchase | RFQ submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training in Belbari Municipality Masonry (brick and stone masonry) | 1000 | 2081-09-01 04:00 PM | 2081-09-02 12:00 AM | 2081-09-02 2:00 PM |

4. The details of the service requirements, eligibility and qualifications required is found in terms of reference (Annex-1).
5. Qualified service providers experience and registered in the same district will get advantage.
6. In case of last date for purchasing, submission and opening of RFQs falls on a Government Holiday, the next working day shall be considered the last day. In such a case, the RFQ validity shall be recognized from the original RFQ submission deadline.
7. The financial proposal should be submitted in a separate envelope. It will be opened only after the technical scores have been finalized, in the presence of the respective bidders.
8. The Municipality/Rural Municipality reserves the right to accept or reject any RFQ and to annul the procurement process and reject all RFQs at any time prior to Contract Award, without thereby incurring any liability to Bidders/Applicants.
9. For Quotation Document and other information please consult to the below address.

*Address: Belbari Municipality*
*Telephone No: 021-434213*
*Website: https://belbarimun.gov.np*

**Chief Administrative Officer**

## Tilagupha Municipality

**Office of the Municipal Executive**
**Galje, Kalikot District**
**Karnali Province, Nepal**

### Invitation of Electronic Bids

**First Date of Publication: 2081/08/17 (02/12/2024)**

1. The Tilagupha Municipality, Office of The Municipal Executive, Galje, Kalikot invites electronic bids from eligible Bidder submit their bid electronically through E-procurement section of PPMO's Web site http://www.bolpatra.gov.np/egp on or before the deadline of 2081/09/17 (1/1/2025) at 12:00 hour. For more details :-visit e-procurement section of PPMO's Web site http://www.bolpatra.gov.np/egp and www.tilaguphamun.gov.np.
2. Bidder can submit the Bid Security in the form of cash in Deposit Account No.06201050250382 (Dharauti account) at Nepal Investment Mega Bank Branch office Nagma, Kalikot or in the form of bank guarantee in favor of Tilagupha Municipality, Office of The Municipal Executive, Galje, Kalikot as per standard format provided in Bid documents (Contract No. should be clearly mentioned, otherwise will not be accepted). Bid security validity period for tender shall be 120 days from the date of bid opening and should submit/upload the original receipt of the deposited amount of cash along with the Bid document. The Bidder shall be required to deposit the cost of bidding document (as specified in the below table) in the Office's revenue Account no . : 06201400250009 at Nepal Investment Mega Bank Branch office Nagma, Kalikot.

**Contracts Description Table (CDT)**

| S. N | Contract No. | Description of location of work | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (NRs) | Fee for bid Document NRs. |
|---|---|---|---|---|---|
| 1 | TGM/KKT/SDCGIS/NCB/GOOD/02/2081/082 | Supply and Delivery of (Blue colour) 6 ft. Long Coloured CGI Sheets Medium Class NS- 141 , 26 gauge,having minimum base plate thickness of 0.37 mm to Galje Bazzar Jubitha, Kalikot | 22,31,606.46 | 56,000.00 | 3,000.00 |

**Chief Adminstrative officer**

**Sudurpashchim Province Government**
**Ministry of Physical infrastructure Developement**
**Patharaiya Mohana Irrigation Management Office**
**Dhangadhi, Kailali**

### Invitation for Bids

**First Date of publication:2081/08/17 (02-Dec-2024)**

Patharaiya Mohana Irrigation Management Office Dhangadhi, Kailali invites electronic bids from eligible bidders for the following construction works under NCB Bidding procedure. Bidder may obtain further detailed information from PPMO web portal www.bolpatra.gov.np/egp.

| S. N. | Contract No. | Description of works | Bid Security Amount (NRs.) | Minimum Average Annual Construction Turnover (NRs.) | Minimum Work experience of similar size and nature (NRs.) | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | PMIMO/NCB/WORKS/02/2081-082 | Canal Maintenance and Essential Structure Construction in Patharaiya Irrigation System | 525000.00 | 31500000.00 | 8400000.00 | 5000.00 |
| 2 | PMIMO/NCB/WORKS/03/2081-082 | Canal Maintenance and Structure Construction Work in Mohana Irrigation System | 537000.00 | 32200000.00 | 8600000.00 | 50000.00 |

**Office Chief**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### अपूरो 'वचन' चीनलाई सम्झाऊ

प्रधानमन्त्री केपी शर्मा ओलीको चीन भ्रमणमा नयाँ समझदारी नहुने करिब–करिब पक्का भएको छ । चीन भ्रमणअघि मन्त्रिपरिषद् बैठक राखेर दर्जन आयोजनामा समझदारी हुने निर्णय गरे पनि ती योजना पुरानै योजनाको पुनःवाचनमात्र देखिन्छ । ती आयोजना सरसर्ती हेर्दा चीन सरकारले अधिकांश परियोजना अलपत्र पारेको देखिन्छ । अधकल्चो छाडेको देखिन्छ । अझै काठमाडौंको चक्रपथ परियोजना पूरा गरिदिएको छैन । सबैभन्दा रमाइलो त प्रधानमन्त्री ओली चीन जाने भएपछि चक्रपथको समाखुसी क्षेत्रमा अहिले डोजर चल्न थालेको छ ।

केरुङ–काठमाडौं रेलमार्गलाई अहिलेका प्रधानमन्त्री ओलीले कुनै बेला जोडतोडका साथ हरेक कार्यक्रममा उल्लेख गर्थे । तर चीनले २०७५ मै यस रेलमार्ग निर्माण प्रतिवेदन तयार गर्दा पनि रेलमार्गबारे केही प्रगति हुन सकेको छैन । जसकारण अहिले ओलीसमेत यस विषयमा मौन छन् । टोखा–खहरे सुरुङमार्ग निर्माणमासमेत सहमति हुने सरकारले जनाएको छ । २०७६ मा चीनका राष्ट्रपति सी चिनफिङ आउँदा यसको सम्भाव्यता अध्ययन गर्ने सहमति भएको थियो । यही सुरुङमार्ग बन्ने विषय पनि पुरानै र अलपत्र पारिएको आयोजना हो ।

हुन त भौगोलिक हिसाबले चीनतिरको नाका अनुकूल छैन । तैपनि चीनले आफूले दिएको वचनमा खासै ध्यान दिएको पाइन्न । जबकि नेपाल भने प्रतिबद्ध भएर लागेको देखिन्छ । पछिल्लो समय चिनियाँ ब्रान्डको गाडी भित्र्याउन सरकारले खुकुलो नीति कडाइका साथ लागू गरेको छ । चीनमा बनेको विद्युतीय गाडीको तीव्र बजारीकरणका लागि नेपाली बैंकहरूले खुकुलो नीति बनाउँदा यसको व्यापार फस्टँदो छ । तर विद्युतीय गाडी वातावरणका लागि झनै खतरनाक हुने पछिल्लो प्रतिवेदनहरूले जनाएको छ ।

तर चीनले अरनिको सडक मर्मतका विषयमा पनि आफू पन्छिँदै आएको छ । यद्यपि यी विभिन्न विषयको परिपूरक सरकारका लागि चीनले दिन लागेको सवारीसाधन हुँदै छ । चीनले नेपाल सरकारलाई १०० वटा विद्युतीय गाडी, १०० वटा प्रहरी भ्यान, ५० वटा स्कुल भ्यान, ५० वटा एम्बुलेन्स दिने तयारी गरेको छ । त्यसको उचित सदुपयोग सरकारले गरोस् । किनकि त्यसको दुरूपयोग हुने सम्भावना बढी रहन्छ । के सरकारले यस्तै गाडी घोडाको लोभ गर्ने कि वचनअनुसार पूरा नगरेका परियोजनाबारे प्रश्न सोध्ने ?

## मनन्योग्य

### चाणक्य नीति

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज. क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

# जंगबहादुर कुँवरको शासकीय उदय र सरदार रामकृष्ण कुँवरको त्याग



■ मोहन थापा

इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका बिस्वासि भएकाले ज्योतिष कुलानन्द ढकालले शाहबाट बोर्लांग थुमसहित प्रशस्त विर्ता पाएका थिए, तर उनका सन्तानहरू अपव्ययी, विलासी भए । शाह भारदारलाई धन जम्मा गर्न दिन हुँदैन भन्दथे तर कुलानन्द ढकाल ब्राह्मण ज्योतिष भएकाले उनलाई भारदारमा नराखेको अनुमान हुन्छ । कुनै समय नेपालको राजकीय सत्ता पाउनलाई राष्ट्रदेवताको कृपा हुनुपर्ने आध्यात्मिक विश्वास थियो ।

पृथ्वीनारायण शाहले सरदार रामकृष्ण कुँवरलाई भक्तपुरका पूर्वराजा रणजित मल्लका छोरा अवधुतसिंह बनारस, भारतमा रहेर पृथ्वीनारायण शाहविरुद्ध बागी भएकाले उनको सर्वस्व गरिएको भक्तपुरको घर र बिर्ताजति जमिन रामकृष्ण कुँवरलाई गुठी राखिदिनू भनी दिएका थिए । सो घर बहाल र जग्गाबाट भएको आम्दानीले शिवरात्रीमा देशदेशावरबाट पशुपतिको दर्शनका लागि आउने साधु सन्यासीलाई सिधा दिने नियम राखिएको थियो ।

नेपाली समाजमा एउटा उखान छ- पुर्खाको प्रताप (धर्म)ले सन्तानले खाने हो । यदि पुर्खाले सत्कर्म गरेको छ भने तिनका सन्तानको समृद्धि हुने छ, पुर्खाले कुकर्म गरेका छन् भने उनका सन्तानको दुर्गति हुने छ । यहांनेर यो उखान नेपालमा १०४ वर्ष शासन गरेको कुँवर राणा परिवारमा लागू भएको देखिन्छ । सरदार रामकृष्ण कुँवरले नेपाल एकीकरण युद्धमा आर्जन गरेको ख्यातिसँगै गुहचेश्वरीबाट पशुपतिनाथ मन्दिर जाने बाटोमा ढुंगा बिछ्याउनु र सदावर्त गुठीको स्थापना गर्नु पनि हो । कतिपय अध्येताको दाबी छ- रामकृष्ण कुँवरका यिनै सत्कर्मको फल, उनका पनाति जंगबहादुरसहित सन्ततीले 'राणाजी' उपाधिसहित श्रीपेच लगाउने अख्तियारी लिनसके र राजाका सम्पूर्ण अधिकार हात पारेर जहानियाँ एकतन्त्रीय शासन चलाउने शौभाग्य प्राप्त गरे ।

वि.सं. १८९४ मा मुख्तियार तथा जनरल कमाण्डर-इन्-चिफ भीमसेन थापालाई बालक युवराजमाथि विष खुवाउने उद्योग गरेको झूठो आरोपमा पदच्युत गरिएपछि नेपालको केन्द्रीय सरकार अस्थिर भयो । पाँडे परिवारले साँधेको प्रतिशोध र तत्कालीन राजा राजेन्द्रविक्रम शाहको कमजोर बुद्धिका कारण वि.सं. १८९६ साउनमा भीमसेन थापा आत्महत्या गर्न विवश भए । त्यसपछि रणजंग पाँडे, चौतारिया फत्येजंग शाह, पं.रंगनाथ पौडेल, पुस्कर शाह, माथवरसिंह थापा, पुनः चौतारिया फत्येजंग शाहले नेपालको मुख्तियार तथा प्रधानमन्त्री पद सम्हाले । वि.सं. १९०२ जेठमा प्रधानमन्त्री तथा प्रधानसेनापति माथवरसिंह थापाको हत्यापछि, चौतारिया फत्येजंग शाहलाई प्रधानमन्त्री पद र उनीसहित गगनसिंह, अभिमानसिंह राना र जंगबहादुर कुँवरसमेतको मन्त्रीमण्डलले काम गरिरहेको समय वि.सं. १९०३ भदौ ३१ गते राति शक्तिशाली भारदार गगनसिंह भण्डारीको गोली प्रहार गरी हत्या भयो । जनरल गगनसिंहको हत्यारा पत्ता लगाउन कान्छी महारानी राज्यलक्ष्मीको आदेशमा रातको समय हनुमानढोका दरबारपरिसर, कोतमा बोलाइएको भारदारी बैठकमा जंगबहादुर कुँवर पक्षले विरोधी भारदारमाथि मच्चाएको नृशंस हत्याकाण्डलगत्तै सोही असोज २ गते कान्छी महारानीको दबाबमा २९ वर्षीय जनरल जंगबहादुर कुँवर राणा नेपालको प्रधानमन्त्री तथा प्रधानसेनापति नियुक्त गरिए । नेपालको इतिहासमा भदौ ३१ गते राति हनुमानढोका राजदरबारपरिसरको हत्याकाण्डलाई 'कोत पर्व' र वि.सं. १९०३ असोज २ पछि वि.सं. २००७ फागुन ७ सम्मको अवधिलाई नेपालको राजकाजमा १०४ वर्षे राणाकाल भनिन्छ ।

भीमसेन थापाको अवसानपछि कमजोर राजप्रशासन एवं राजा राजेन्द्रविक्रम शाहका दुई महारानी साम्राज्यलक्ष्मीदेवी र राज्यलक्ष्मीदेवीबीचको झगडाबाट सेना र भारदारहरू दिक्क थिए । त्यसबेला नेपाल एकीकरण युद्धमा उच्च योगदान गरेका उच्चतहका धेरै भारदारको राजकाजका सामान्य विवादमा हत्या भयो । भीमसेन थापाको पतनपछिको त्यो तरल राजनीतिक अवस्थामा कुन बेला को शक्तिमा आउने र कुन समय कुन भारदारको हत्या हुने हो, कुनै ठेगान थिएन । यसप्रकारको अनिश्चित परिस्थितिमा हनुमानढोका राजदरबारमा रहेकी सुसारे पुतली, पं.विजयराज, आफ्ना भाई, शुभचिन्तक र सहयोगी सैनिकको सहयोगमा कोत पर्व, सोही कात्तिक १७ गते भएको भण्डारखाल पर्व र वि.सं. १९०४ को अलौ पर्वमा विरोधीहरूको सफाया गरेर नेपालका शासनसत्तामा आफ्नो परिवारको एकल वर्चश्व कायम राख्न सफल जंगबहादुर कुँवर काजी बालनरसिंह कुँवरका आठ छोरामध्ये कान्छी पत्नी गणेशकुमारीतर्फबाट जन्मेका जेठा छोरा थिए । काजी बालनरसिं कुँवर काजी रणजित कुँवरका तीन छोरामध्ये जेठा थिए । यिनले वि.सं. १८६३ मा पूर्वराजा रणबहादुर शाहमाथि तरवार प्रहार गर्ने शेरबहादुर शाहीको घटनास्थलमै हत्या गरी राजभक्ति पुष्टि गरेका थिए । बालनरसिंहका पिता रणजित कुँवर सरदार रामकृष्ण कुँवरका छोरा हुन् ।

## सरदार रामकृष्ण कुँवर र नेपाल निर्माणमा उनको योगदान

वि.सं. १८०१ अघि नेपाल सरहदमा बाइसे, चौबिसे, कान्तिपुर, ललितपुर, भक्तपुर, मकवानपुर, विजयपुर र चौदण्डीसमेत ५२ भन्दा धेरै राज्य थिए । तीमध्येको चौबिसी समूहमा पर्ने कास्की राज्यमा बसोवास भएका वत्स गोत्रीय क्षत्री जातिका अहिराम कुँवर वत्स गोत्रीय कुँवर क्षत्री थिए । यिनी हाल भारतमा पर्ने चितौढका राणा खानदानका सदस्यहरू तत्ता राणाका भतिजा फकतसिंहका छोरा रामसिंहका सन्तति रहेको नेपालको सैनिक इतिहास, काठमाडौं : शाही नेपाली जंगी अड्डा, २०४९ मा उल्लेख छ । वि.सं. १९०५ वैशाख १३ मा तत्कालीन श्री ५ सुरेन्द्रविक्रम शाहले, प्रधानमन्त्री जंगबहादुर र उनका वंशज भारत चितौडगढका राजपुत राणा हुन् भन्ने प्रमाण हुनाले प्रधानमन्त्री जंगबहादुर र उनका वंशजहरूलाई राणाजी भन्नु भन्ने लालमोहर प्रदान गरेको इतिहासकार पुरुषोत्तमशमशेर जबराले श्री ३ हरूको तथ्य वृतान्त, भाग १ मा उल्लेख गरेका छन् ।

अहिराम कुँवरका रामकृष्ण कुँवर, जयकृष्ण कुँवर र अमरसिंह कुँवरसमेत तीन छोरा र एक छोरी श्रीतारा थिए । अहिराम कुँवर कास्कीका राजासँग खटपटपछि लमजुङहुँदै गोरखा गए । यिनै अहिराम कुँवरका छोरा रामकृष्ण कुँवरको वि.सं. १७६७ तदनुसार सन् १७१० मा जन्म भएको थियो । रामकृष्ण उमेर पुगेपछि गोरखाका राजा नरभूपाल शाहको सेनामा काम गर्न थालेका थिए । सानो उमेरदेखि नै रामकृष्ण कुँवर छरितो शरीरका चलाख, फूर्तिला र आँटिला व्यक्तित्वका धनी थिए । छोटो समयमै रामकृष्ण कुँवरले गोरखाली सेनामा राम्रो छवि बनाउन सफल भएका थिए । नेपालको सैनिक इतिहासमा उल्लेख भएअनुसार १४ वर्षको उमेरमा रामकृष्ण कुँवरलाई गोरखाली सेनाको अधिकृतसरह पद दिइएको थियो ।

इतिहासकारहरूले रामकृष्ण कुँवरलाई गोरखाली सेनाको जेठाबूढा पदबाट सम्बोधन गरी उनी र उनको युद्ध सेवाबारे चर्चा गरेका छन् । सैनिकलाई तालिम दिने वा युद्धकला सिकाउने जिम्मेवारी जेठाबूढाको थियो । वि.सं. १७९९ चैत २५ मा पृथ्वीनारायण शाह गोरखाका राजा भएपछि गरेको दोस्रो, वि.सं. १८०१ असोज १५ मा नुवाकोट आक्रमण गरे र विजय पनि भए । मेजर फलेन्द्रविक्रम राणा लिखित 'नेपाली राणा घरानाको संक्षिप्त वंशावली'का अनुसार रामकृष्ण कुँवरले नुवाकोट विजय युद्धमा भाग लिएका थिए ।

रामकृष्ण कुँवरले नेपाल एकीकरणअन्तर्गत पलाञ्चोक र काभ्रेगढी, सिन्धुलीगढी, तिमाल, काठमाडौं, भादगाउँ, मकवानपुर, पूर्वका विजयपुर र चौदण्डीलगायतका भूभाग विजय युद्धमा नेतृत्व गरेका थिए । मकवानपुर हर्नामाडीमा गोरखाली सेनाले वि.सं. १८१९ को माघ १० गते गुर्गीन खाँ नेतृत्वको मुसलमानी सेनाविरुद्ध लडेको युद्धमा पनि रामकृष्ण कुँवरले भाग लिएका थिए ।

रामकृष्ण कुँवरसहितको गोर्खा सेनाले वि.सं. १८२० को असारदेखि असोज-कात्तिक आसपास काभ्रेका धुलिखेल, पनौती, खड्पु, चौकोट, साँगालगायतका सात गाउँमाथि अधिकार गरेको थियो ।

'जस पाइ आयाका सुरप्रताप सीत सल्ला गरि धुलषेल हान्नलाई भारदार षटाउनुभयो फौज लि कपर्दार रामकृष्ण कुँवर हरिवंशपाध्या प्रभृति फौज गै नेपाल्याको पनि ठूलो लस्कर वाहा ज्मा भयाको रहेछ बाहिरको लडायी भै जित्या वैरीका पनि ढेरै काटिया आफ्ना पनी घाइत्या र काटिन्या ढेरै भया जित गोर्खाको भयो जिती लपेटा लि सहरभित्र लस्कर हाली सहरभित्र लस्कर ढेरै रहेछन् र बाहिरै घेरा दि बस्याका थियो बाहिर नगरवासि लड्थ्या त्यस्तैमा ढिलो गऱ्यो भनी श्री ५ महाराजाबाट रिसानी भै जसकर्ण षत्रीलाई पठाइ धुलषेल हानी पनौती हान्नु भनिकन पठायामा ढिलो गर्न्या भनी रिसानी भै चौकोट हान्नालाई दलजित साहलाई पठाइ जसकर्ण षत्रीले तीनै जनालाइ ५।५ सप्को लाया चौकोट हान्न दलजित साह गयाको देषदा इन्हरूले पनि शाके १६८५ कार्त्तिकका दिन १० जादा आदित्यवारका दिन ११ घडी ४५ पला दिन चढ्दा धुलषेल फत्य भयो.दलजित साहका साथका फौजले पनि ठूलो लडायी जितिकन शाके १६८५ कार्त्तिकका दिन १५ जाँदा सोमबारका दिन घरि १५ दिन चढदा चौकोट सर भयो त्यसै दिनका लपेटामा पन्हौति पनि सर गऱ्या अर्का मुहुडाले षड्पु पनि सर गऱ्या' । (गुरुवंशावली, बाबुराम आचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, ललितपुर : साझा प्रकाशन, २०६१, पृ.३० ९-१०) वि.सं. १८२६ कात्तिकमा भक्तपुर विजय युद्धमा काजी वंशराज पाँडे, केहरसिंह बस्न्यात, सरदार कालिदास खड्का, सरदार अमरसिंह थापा, काजी शूरप्रताप शाह र रामकृष्ण कुँवरको नेतृत्वमा गोरखाली सेना परिचालित थिए ।

सरदार रामकृष्ण कुँवरले सुझबुझका साथ, कम धन र जनको क्षति हुनेगरी पूर्वका विजयपुर र चौदण्डी राज्यका भूभाग नेपालमा मिलाएका थिए । पूर्व विजयपछि नेपालको सिमाना सिक्किम पुग्यो । विजयपुरको राजधानी चौदण्डी विजयपछि पृथ्वीनारायण शाहबाट सरदार रामकृष्ण कुँवरले २२ जोर शीरपाउ उपहार पाए । राजा पृथ्वीनारायण शाहले सरदार रामकृष्ण कुँवरको नाममा वि.सं. १८२९ मा एक लालमोहर गरिदिएका थिए । उक्त लालमोहरमा 'कीर्तिपुरको युद्धमा काजी कालु पाँडेले वीरगति पाउँदा रामकृष्ण कुँवरका बुद्धि र वर्गतले नेपालको विस्तार गरेका र तरवारको प्रतापले नेपाल राज्य निर्माण भएकोले उनलाई आधा राज्य दिएको भए पनि पुरस्कार नपुग्ने हो तापनि स्वयम्भूको सेरोफेरो र धुलिखेल क्षेत्र रामकृष्ण कुँवरका सन्तान दरसन्तानले खानू' भनी दिएका थिए ।

वि.सं. १८३१ पछि श्री प्रतापसिंह शाहको राज्यकालमा सिक्किमका सेना पूर्वको च्यांगथापुमा नेपाली सेनामाथि आक्रमण गर्न आएको थियो । सिक्किमे सेनालाई रामकृष्ण कुँवर नेतृत्वको सेनाले पराजित गरेर नेपाली भूमि जोगाउन सफल भएको थियो । वि.सं. १८३६ मा चौबिसीहरूको संयुक्त सेनाले गोरखाविरुद्ध युद्ध घोषणा गरेकोमा रामकृष्ण कुँवर, बलि बाँनिया, पारथ भण्डारीलगायतका सेनानायकहरूको नेतृत्वको सेनाले चौबिसी संयुक्त सेनाविरुद्ध बलिथुम, ज्यामरुक, उपरदाङ, चितवनलगायतका भूमिमा ठूलो युद्ध लडेको थियो । रामकृष्ण कुँवरले त्यसबेला चौबिसी सेनालाई उपरदाङ र चितवनमा पराजित गरिदिएका थिए ।

## सामाजिक/धार्मिक योगदान

रामकृष्ण कुँवर सफल युद्धनायक भएर पनि धार्मिक स्वभावका थिए । नेपालको सैनिक इतिहास (पृ.४५४) का अनुसार सन् १७७० को जनवरीमा पृथ्वीनारायण शाहले युद्धमा शौर्य र पराक्रम प्रदर्शन गर्न सफल सैनिक भारदारलाई बोलाएर उनीहरूको काम र त्यागअनुसारको पारितोषिक दिने मनसायले रामकृष्ण कुँवरलाई के पाउने इच्छा छ ? भनी सोधेका थिए । अन्य भारदारले राम्रा जमिन विर्ता मागेका थिए तर रामकृष्ण कुँवरले, काठमाडौंको प्रसिद्ध तीर्थ गुहचेश्वरीदेखि पशुपतिसम्म जाने बाटोमा ढुंगा बिछ्याउन पाऊँ भनी माग गरेका थिए ।

दर्शनार्थीहरूको सुविस्ताका लागि काठमाडौं उपत्यकाको शक्तिपीठ गुहचेश्वरीबाट श्लेमान्तक जंगलको डाँडो चढेर पशुपतितर्फ झर्ने बाटो सर्वप्रथम राजा प्रताप मल्लले बनाएका थिए । यसबाट गुहचेश्वरी र पशुपतिबीच नित्य सम्बन्ध कायम राख्न सहयोग पुगेको थियो । प्रताप मल्लको मृत्युपछिका करिब १०० वर्षसम्म सो बाटो मर्मत नगरिँदा बिग्रे भत्केको थियो । काठमाडौं उपत्यका विजयपछि गोरखाली राजा पृथ्वीनारायण शाहले सो बाटो मर्मत गर्ने मनसुवा राखेका थिए, यसबीच उपत्यका विजयपछि आफ्ना विश्वासिला भारदारलाई तिमीहरू मसँग के-के माग्छौ ? भनी राय सुझाव माग्दा एक्कासि सरदार रामकृष्ण कुँवरले सो बाटोमा ढुंगा बिछ्याएर राम्रो बनाउन पाऊँ भनी मागे, यसबाट पृथ्वीनारायण शाह द्विविधामा परे । आफैंले के माग्छौं भनी सोधेपछि आफ्ना विश्वासी भारदारले यसप्रकारको पुण्य काम गर्छु भनी विन्ती गर्दा नदिनु मनासिव ठहर्ने थिएन, दिँदा पनि उपत्यकाका प्रभावशाली देवदेवीको मन्दिरमा ठूलो पुण्यको जस कुनै एक भारदारले लिँदा, ती देवदेवीको प्रताप भोलिका दिनमा आफ्ना सन्तानको पहुँचबाट अन्यमा सर्ने र कतै राजकीय सत्ता नै रामकृष्णका सन्तानका पोल्टामा पुग्ने हो कि ! भन्ने डरले उनीभित्र गहिरो वास गरेको थियो । तर, शाहले त्यस बाटोमा ढुंगा बिछ्याउने काम गर्न सरदार रामकृष्णलाई मञ्जुरी दिए । राजाबाट मञ्जुरी पाएपछि रामकृष्णले बाटोमा ढुंगा बिछ्याउने काम सम्पन्न गरे ।

भाषा वंशावलीमा रामकृष्ण कुँवरले गुहचेश्वरीबाट पशुपति जाने बाटो मर्मत गरेको र सदावर्त गुठीबारे यसप्रकार उल्लेख छ- 'शाके १६९१ मार्ग शुदी ४ का दिन रामकृष्ण कुँवरले श्रीमाहाराज बक्साई श्री पशुपतिदेषि श्री गुहचेश्वरीका स्थानसम्म पत्थरले चिन्हि बाटो बनाइ सिध्याइ मृगस्थलीका वनभित्रमा श्रीरामेश्वर माहादेव स्थापना गरी राजाबाट आफूलाई वक्स्याको ढाल तरवारमा थापी लियाका रणजित मल्लका छोला अवधुतसिंहके सर्वश्व घर वारि षेत् १८३७ साल माघ शुदी ५ रोज २ का दिन तांवापत्र गरी श्री पशुपति प्रीति गरी सदावर्त गुठी राषि चह्राया' ।

## सदावर्त गुठी स्थापना

पृथ्वीनारायण शाहले सरदार रामकृष्ण कुँवरलाई भक्तपुरका पूर्वराजा रणजित मल्लका छोरा अवधुतसिंह बनारस, भारतमा रहेर पृथ्वीनारायण शाहविरुद्ध बागी भएकाले उनको सर्वस्व गरिएको भक्तपुरको घर र बिर्ताजति जमिन रामकृष्ण कुँवरलाई गुठी राखिदिनू भनी दिएका थिए । सो घर बहाल र जग्गाबाट भएको आम्दानीले शिवरात्रीमा देशदेशावरबाट पशुपतिको दर्शनका लागि आउने साधु सन्यासीलाई सिधा दिने नियम राखिएको थियो । शिवरात्रीमा पशुपति दर्शनका खातिर आउने साधुलाई सिधासहित बिदा गर्ने प्रचलन कायमै छ ।

## जंगबहादुर र रणोद्धीपसिंहबाट पुनर्निर्माण

आफ्ना पुर्खा रामकृष्ण कुँवरको प्रतापले नेपालको शासन हात पार्नमा अप्रत्यक्ष योगदान रहेको हुनसक्ने रहष्य स्वयं जंगबहादुर र उनका भाइहरूमा पनि थियो । जंगबहादुर कुँवर राणाले श्री ३ महाराज भएपछि पशुपति र गुहचेश्वरी बीचको डाँडोमा विश्वरूप महादेव मन्दिर स्थापना गरेर सोका लागि भव्य धर्मशालासमेत निर्माण गरिदिएका थिए भने जंगको मृत्युपछि श्री ३ महाराज भएका जंगका भाइ रणोद्धीपसिंह कुँवर राणाले सैनिकमार्फत आफ्ना पुर्खा रामकृष्ण कुँवरले बनाएको गुहचेश्वरीदेखि पशुपति जाने थप फराकिलो बनाएर, ढुंगाका सिँढी बनाएर हाल भएको अवस्थाको बाटो निर्माण गराएका थिए । रामकृष्ण कुँवरले बनाएर स्थापना गरेको शिवलिंगसहितको रामेश्वरको मन्दिर र सदावर्त बाँड्न बनाएको सतल थोत्रिएको हुनाले रामकृष्ण कुँवरका सन्तान जंगबहादुर र रणोद्धीपसिंहले मर्मत गरेका थिए ।

साथै जंगगबहादुरले आफू श्री ३ भएपछि आफूले बनाएको विश्वरूपको मन्दिरको सतलबाट सदावर्त बाँड्ने नियम पनि बसालेका थिए । सो स्थलमा रणोद्धीपसिंहले थप निर्माण र मर्मत गराएका थिए । हाल रामकृष्ण कुँवरले बनाएको पुरानो मन्दिर र सत्तल रामेश्वरको पुरानो शिवलिंग हराइसकेको छ । (बाबुराम आचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, ललितपुर : साझा प्रकाशन, २०६१, पृ.५४३-५४४)

गुहचेश्वरी-पशुपति मूलबाटोमा ढुंगा बिछ्याएर राष्ट्रदेवताबाट प्राप्त हुने पुण्यका प्रतापले भविष्यमा नेपालको शासकीय अधिकार रामकृष्ण कुँवरका सन्तानमा जानसक्ने संकेत पृथ्वीनारायण शाहलाई उनका कुनै विश्वासिला भारदारले दिएका थिए, तसर्थ पहिले मञ्जुरी दिएर पछि सो काम गर्न दिन शाहले आनाकानी गरेका थिए, अन्ततः शाह रामकृष्ण कुँवरलाई सो बाटोको काम गर्न दिन मञ्जुर भए । फलतःरामकृष्ण कुँवरका पनाति पुस्तामा सो संकेत मूर्त भएको थियो ।

## अन्त्यमा,

इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार राष्ट्रनिर्माता पृथ्वीनारायण शाहका बिस्वासि भएकाले ज्योतिष कुलानन्द ढकालले शाहबाट बोर्लांग थुमसहित प्रशस्त विर्ता पाएका थिए, तर उनका सन्तानहरू अपव्ययी, विलासी भए । शाह भारदारलाई धन जम्मा गर्न दिन हुंदैन भन्दथे तर कुलानन्द ढकाल ब्राह्मण ज्योतिष भएकाले उनलाई भारदारमा नराखेको अनुमान हुन्छ । कुनै समय नेपालको राजकीय सत्ता पाउनलाई राष्ट्रदेवताको कृपा हुनुपर्ने आध्यात्मिक विश्वास थियो । धन जोड्ने कुलानन्दका सन्तान अपव्ययी हुनु, यसको विपरीत राजाले विर्ता माग्न मन बुझ्दा धनको परवाह नराखी राष्ट्रदेवताको मन्दिर जाने बाटो बनाएर त्याग गर्ने रामकृष्ण कुँवरका सन्तानले नेपाल अधिराज्यको राजकीय सत्ता हात पार्नसक्नुलाई, पुर्खाले गरेको सत्कर्मबापतको प्रतिफल मान्न सकिने अनुमान, सामयिक ठहर्दछ ।

# सुरु भयो सप्ताहव्यापी विवाहपञ्चमी महामहोत्सव



■ प्रभाव संवाददाता

महेन्द्रनगर (धनुषा)- आइतबारदेखि सुरु भएको सप्ताहव्यापी रामजानकी विवाहपञ्चमी महामहोत्सव पहिलो दिन नगर दर्शन सम्पन्न भएको छ। विवाहपञ्चमीको पहिलो दिन आइतबार जानकी मन्दिरको प्रांगणमा नगर दर्शन गरिएको हो । यो विधि हेर्नका लागि मन्दिर प्रांगणमा श्रद्धालु भक्तजन तथा दर्शनार्थीहरूको भीड लागेको थियो । भगवान् राम र लक्ष्मण पहिलोपटक प्राचीन मिथिलाको राजधानी जनकपुरधामको भ्रमण गरेको स्मरणमा प्रत्येक वर्ष विवाहपञ्चमी महोत्सवअन्तर्गत पहिलो दिन नगर दर्शन विधि गरिन्छ।

नगर दर्शन विधिमा राम लक्ष्मणको प्रतीकका रूपमा रहेका दुई बालकलाई नगर दर्शन गराइएको थियो। विवाहपञ्चमी महोत्सवका लागि नेपालका विभिन्न जिल्लासहित भारतबाटसमेत श्रद्धालुहरू आएका थिए। मिथिला नरेश राजा जनककी छोरी सीताको विवाहको स्मरणमा प्रत्येक वर्ष जनकपुरधाममा विवाहपञ्चमी महोत्सव मनाइने गरिन्छ ।

धार्मिक, सांस्कृतिक र सामाजिक महत्त्वको यस पर्व आइतबारदेखि भव्यताका साथ मनाउन सुरु भएको छ । आज १७ गते पुष्पवाटिका फूलबारी लिला, १८ गते धनुष यज्ञ र बरात आगमनको स्वागत पनि त्यही दिन हुन्छ । १९ गते तिलकोत्सव, २० गते मटकोर महोत्सव, २१ विवाह महोत्सव र २२ गते रामकलेवा उत्सवको आयोजनापछि साताव्यापी विवाह पञ्चमी महोत्सव सम्पन्न हुने छ।

अयोध्याबाट आएका अतिथिहरूलाई २३ गते स-सम्मान बिदा गर्ने चलन छ। प्रत्येक पाँच वर्षको अन्तरालमा विशेषरूपमा भारतको अयोध्या रामजन्मभूमिबाट जन्ती आउने प्रचलनअनुसार यसपटक यहाँ उत्साह अझै थपिएको जानकी मन्दिरका सहमहन्थ रामरोशन दास वैष्णले बताए।

# महोत्तरीमा विवाहपञ्चमी उत्सवको रौनक

■ सञ्जीतकुमार मण्डल

**जलेश्वर (महोत्तरी)**- प्रत्येक पाँच वर्षको अन्तरालमा धुमधामसँग भारतको अयोध्याबाट जन्ती आएर नेपालको जनकपुरमा मनाइने भगवान रामचन्द्र र माता सीताको विवाहोत्सव (विवाहपञ्चमी उत्सव) को रौनक आइतबारदेखि महोत्तरीमा देखिन थालेको छ ।

अनादिकालदेखि नै महोत्तरी र धनुषाका विभिन्न स्थानमा विवाहका विभिन्न विधि सम्पन्न गरी मनाइने गरेको विवाहपञ्चमी उत्सवको रौनक महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका, मटिहानी नगरपालिका र पिपरा गाउँपालिकामा देखिएको छ ।

पाँच वर्षको अन्तरालमा जन्ती मिथिलाको धर्तीमा आउन लागेका कारण प्रवेशद्वारमै रहेको मटिहानी र जलेश्वर तथा पिपराका बासिन्दा जन्तीको स्वागत, सत्कार र दर्शनका लागि आतुर देखिएका छन् । अयोध्याबाट निस्केको जन्ती भारतका विभिन्न स्थान हुँदै जनकपुर आउनका लागि महोत्तरीको सदरमुकाम जलेश्वर नगरपालिका र मटिहानी नगरपालिकास्थित नेपाल भारत सीमाबाट प्रवेश गर्ने मुख्य प्रवेशद्वार रहेका कारण जलेश्वर र मटिहानीमा आइतबारदेखि विवाहपञ्चमीका लागि आउने जन्तीको स्वागत, सत्कार, विश्राम र वैदिक विधिका विभिन्न तयारी भइरहेको जलेश्वरका नगर प्रमुख सुरेश साह सोनारले बताए ।

त्यस्तै महोत्तरीको मटिहानीदेखि राजा जनकको राजधानी धनुषाको जनकपुरधामसम्म प्रत्येक पाँच वर्षमा धुमधामका साथ एक सातासम्म विभिन्न कार्यक्रम गरी मनाइने गरेको विवाहपञ्चमी उत्सवको रौनक यसपाली अझ बढी थपिएको छ । यसपालि मटिहानीका प्रत्येक घर घरको अगाडिमा कलश, फूलमाला र अबिर लिएर स्थानीय जन्तीलाई स्वागत गर्न आतुर रहेका छन् भने भगवान् रामको डोला (प्रतिमा)सहित आउँदै गरेका जन्तीका लागि शनिबार रातिदेखि नै मटिहानीको घरघरमा दीपावलीसमेत गरिएको मटिहानीस्थित लक्ष्मीनारायण मठका उत्तराधिकारी रवीन्द्रदास वैष्णवले बताए । मटिहानीमा आज सोमबार राति पनि भगवान् रामचन्द्र र जन्तीको स्वागतमा दीपावली मनाइने कार्यक्रम रहेको छ ।

त्यस्तै जन्तीको बाटोमै पर्ने पिपरा गाउँपालिकामा जन्तीको भोजन तथा विश्राम रहने गरेका कारण त्यहाँ पनि अहिले जन्तीको भोजन र विश्रामका विभिन्न जोरजामका क्रियाकलाप धुमधामका साथ भइरहेको गाउँपालिकाका अध्यक्ष रामजानकी यादवले बताए। त्रेता युगमा अयोध्याका राजा दशरथका छोरा भगवान रामचन्द्र र जनकपुरका राजा जनकका छोरी माता सीताको विवाह ऐतिहासिक एवं धार्मिक नगरी जनकपुरधाममा भएको दिनलाई सम्झँदै प्रत्येक पाँच वर्षमा अयोध्यादेखि जनकपुर जन्ती आउने र विवाह उत्सव सम्पन्न हुने परम्परा चलिआएको छ ।

सो अवसरमा भगवान् रामचन्द्रको जन्मभूमि अयोध्याबाट जन्तीमा भगवान रामचन्द्रको प्रतिमा लिएर हजारौं साधु, सन्त, महात्मा र अयोध्याबासीसहित भारतका प्रसिद्ध तथा प्रख्यात् मठमन्दिरका महन्त, जोगी सन्यासी विवाहपञ्चमी उत्सवमा सहभागी हुने चलन रहेको छ ।

सयौं रथ, बाजागाजा, नाच तमाशा, घोडा, हात्ती र लाबा लस्करसहित जन्ती आउने चलन रहेको र अयोध्याबाट एक सातादेखि हजारौं जन्ती तथा लाखौं सर्वसाधारण जनकपुर आउने गरेका छन्। जनकपुरमा त्रेतायुगमा भएको माता सीताको विवाहको बेला महोत्तरीको मटिहानी नगरपालिकाको वडा नम्बर ७ मा अवस्थित लक्ष्मी सागरमा मटकोर विधि र वेदीको माटो खन्ने विधि गरिएको प्रचलन अझै पनि जारी रहेको तथा यस वर्ष पनि सो कार्यक्रम धुमधामसँग गरिने कार्यक्रम रहेको लक्ष्मीनारायण मठ मटिहानीका मान महन्थ जगन्नाथदास वैष्णवले बताए ।

आउँदो शुक्रबार जनकपुरधाममा हुने विवाह पञ्चमीका लागि अयोध्याबाट जन्ती हिँडिसकेको छ भने सोमबार जन्ती मुख्य प्रवेशद्वार मटिहानी नगरपालिकाको सीमामा प्रवेश गर्ने छन् । कतिपय साधु, सन्त, महात्मा र अन्य जन्ती जिल्ला सदरमुकाम जलेश्वरको बाटो भएर पनि नेपाल प्रवेश गर्ने छन् । जन्ती सबैभन्दा पहिले मटिहानी नै प्रवेश गर्ने हुँदा मटिहानीबासीहरूले जन्तीलाई फूलमाला, अबिरलगायतले स्वागत गर्ने चलन रहेको छ भने जन्ती मटिहानीमा एक रात विश्राम गरेर विवाहपूर्व गरिने मटकोर विधि पनि सोही स्थानमा सम्पन्न गर्ने चलन रहेको छ ।

महोत्तरी, धनुषालगायत मिथिला क्षेत्रमा विवाहपञ्चमी उत्सव भएपछि मात्रै सर्वसाधारणले आफ्ना छोराछोरीको विवाह गर्ने परम्परा रहेकाले पनि यो उत्सव सबैले धुमधामसँग मनाउँदै आएका छन् । विवाहपञ्चमीको अवसरमा प्रत्येक पाँच वर्षमा जनकपुरधाममा आठदेखि १० लाखसम्म भक्तजन विवाहपञ्चमी उत्सवमा सहभागिता जनाउने गर्दछन् ।

सप्ताहव्यापी विवाह पञ्चमी उत्सवअन्तर्गत यसपालि मंसिर १६ गते आइतबार जनकपुर नगर दर्शन, आज १७ गते सोमबार फूलबारी लीला, त्यस्तै १८ गते मंगलबार धनुष यज्ञ, १९ गते बुधबार तिलकोत्सव, २० गते बिहीबार मटकोर विधि र मंसिर २१ गते शुक्रबार भगवान् रामचन्द्र तथा माता जानकीको स्वयंवर र शुभ विवाह तथा मंसिर २२ गते शनिबारका दिन राम कलेवा हुने कार्यक्रम तय गरिएको हो । *रासस*


## युएइमा रोजगार
कम्पनी : Silver falcon security services LLC

पूर्व स्वीकृति मिति : २०८१/०५/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१६ | LT. No. 309696 | चलानी नं. ६०२२४६०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 24 | 0 | 1200 | ४४,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २४ गते (9th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ११६५/०८०/८१
ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366, E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## साउदीमा रोजगार
कम्पनी : Wrass Operation And Maintenance Llc

पूर्व स्वीकृति मिति : २०८०/०९/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०८/१६ | LT. No. 297099 | चलानी नं. ६०२१२२१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bus Driver | 2 | 0 | 1500 | ५३,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २४ गते (9th Dec. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NOVA INTERNATIONAL PVT. LTD.
Surya Bikram Gyabali Marg Gaushala-09, Kathmandu, Nepal. Tel:- +977-1-014573271, 4573602
Email: info@novainternational.com.np, URL: www.novainternational.com.np
श्रम ईजाजत नं. १०१९/०६८/०६९


## Government of Nepal
## Ministry of Energy, Water Resources and Irrigation
## Department of Water Resources and Irrigation
## Mahakali Irrigation Management Office
Mahendranagar, Kanchanpur

### Invitation for Bids

**Date of publication: 2081-08-17 (2024-12-02)**

Mahakali Irrigation Management Office, Kanchanpur invites electronic bids from the Nepalese eligible bidders for the following works under NCB Bidding procedure. Bidder may obtain further detailed information from the PPMO web portal www.bolpatra.gov.np/egp.

| S. N | IFB No. | Description and Location of Work | Bid Document Fee, NRs. | Bid security amount, NRs | Last date of Bid Submission | Type of Publication |
|---|---|---|---|---|---|---|
| 1. | MIMO/ AMIS// NCB-01/ 081/082 | Construction of canal and canal structures in Mahakali irrigation system | 5000.00 | 16,00,000.00 | 2081/09/17 12:00 PM | First Date of Publication: 2081-08-17 |
| 2. | MIMO/ TMBJS/ Kailali-1/ NCB-02/081/082 | Tubewell drilling work, Pump test, Pump installation, Electrification, and Distribution System Development work in different locations of Kailali (North) District | 5000.00 | 5,78,000.00 | 2081/09/02 12:00 PM | Re-Bid (First Publication Date : 2081/06/20) |

Office Chief


## शुभप्रवा सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ लि.
मुख्य कार्यालय चुच्चेपाटी, चावहिल काठमाडौं
फोन नं ४५६१३२७, ४५६१७५६
सदस्य सेवा केन्द्र न्युरोड काठमाडौं

### कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१/०८/१७ गते**

यस संस्थाबाट कर्जा लिनु भएको तपसिलमा उल्लेखित ऋणीले यस संस्थासँग कर्जा लिदा कर्जा तमसुक लगायतका लिखतहरूमा उल्लेखित शर्त बन्देजहरू बमोजिम साँवा र व्याज रकम समय-समयमा भुक्तानी गर्नु पर्नेमा नतिरी, नबुझाई तोकिएको भाखा अवधिभित्रको शर्त तथा कबुलियत नामामा उल्लेखित नियमहरू उल्लंघन गर्नु भएकोले बक्यौता (साँवा, व्याज र हर्जना) रकम भुक्तानी गर्नका लागि यस संस्थाबाट पटक पटक मौखिक तर/ताकेता गर्नुका साथै पटक पटक पत्रद्धारा जानकारी गराउँदा समेत बेवास्ता गरी कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेकोले कर्जा चुक्ता गर्न आउने बारे ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। उक्त समयभित्र आफ्नो सम्पूर्ण साँवा, व्याज र हर्जना रकम बुझाई ऋण चुक्ता गर्नु हुन यसै सूचनाद्वारा जानकारी गरिन्छ। माथि उल्लेखित समयवधिभित्र ऋणीले कर्जा नतिरेमा ऋणी तथा जमानीकर्ता आफैंले उक्त कर्जा लिँदा गरेको व्यक्तिगत धनजमानी, लिखतका कबुल शर्त अनुसार आफ्नो जिम्मेवारी, दायित्वमा पर्न जाने हुँदा कर्जासँग सम्बद्ध सबै पक्षहरूलाई यसै सूचना मार्फत जानकारी गराइन्छ। तोकिएको अवधिभित्र पनि साँवा, व्याज र हर्जना रकम चुक्ता नगरेमा सहकारी ऐन २०७४ तथा नेपालको प्रचलित अन्य विद्यमान कानूनमा व्यवस्था भए अनुसार ऋणीले कर्जा लिंदा कर्जा सुरक्षण बापत लेखिदिएको धितो लिलाम बिक्री गरी कर्जा असुलउपर गरिनुका साथै यो धितोबाट असुलउपर नहुने अवस्थामा बाँकी रहेमा ऋणी र धन जमानीको अन्य श्रीसम्पत्तिहरूबाट असुलउपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइएको छ।

**तपसिल**

| ऋणीको बिवरण | साक्षी/जमानीको बिवरण | धितो बिवरण |
|---|---|---|
| नाम थर : **कमला कुमारी लम्साल**<br>बुबाको नाम : ऋषेश्वर लम्साल<br>बाजेको नाम : धनपती लम्साल<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला<br>साविक आमभञ्ज्याङ गा.वि.स. वडा नं.-७ (हाल परिवर्तित मकवानपुरगढी गापा.बडा नं.-६)<br>हालको ठेगाना : मकवानपुर जिल्ला हेटौडा उ.म.न.पा. वडा नं.-६<br>**ना.प्र.न.१५५४** | नाम थर : **बिनय कुमार भट्ट**<br>बुबाको नाम : ज्ञान प्रसाद भट्ट<br>बाजेको नाम : चेतनाथ भट्ट<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला<br>साविक आमभञ्ज्याङ गा.वि.स. वडा नं.-७<br>(हाल परिवर्तित मकवानपुरगढी गापा.बडा नं.-६)<br>हालको ठेगाना :- मकवानपुर जिल्ल हेटौडा उ.म.न.पा. वडा नं.-६<br>**ना.प्र.न.३११००९/४३५२८** | **जग्गाधनीको नाम थर : कमला कुमारी लम्साल**<br>**ठेगाना** : मकवानपुर जिल्ला<br>गा.वि.स./न.पाः गढी, वडा नं. ६<br>**किता नं** : ८८९<br>**क्षेत्रफल** : १-१५-३-२ (१०१३।५१ ब.मि) |
| | नाम थर : **बिनोद कुमार भट्ट**<br>बुबाको नाम:- ज्ञान प्रसाद भट्ट<br>बाजेको नाम:- चेतनाथ भट्ट<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला<br>साविक आमभञ्ज्याङ गा.वि.स. वडा नं. ७<br>(हाल परिवर्तित मकवानपुरगढी गापा.बडा नं.६)<br>हालको ठेगाना:- काठमाडौं जिल्ला कागेश्वरी मनोहरा न.पा. वडा नं.-८<br>**ना.प्र.न. ५१/३३९३४** | **जग्गाधनीको नाम थर**: ज्ञान प्रसाद भट्ट<br>**ठेगाना** : मकवालपुर जिल्ला,<br>घोप्टे आमभञ्ज्याङ्ग, वडा नं.: ८<br>**किता नं** : १४४२<br>**क्षेत्रफल** : २-०-०-० (१०१७४८ ब.मि) |

## युएइमा रोजगार
कम्पनी : Dome Dz International General Contracting Llc

पूर्व स्वीकृति मिति : २०८१/०८/१६ | LT. No. 314705 | चलानी नं. ६०२२९०११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Technician/telecommunication | 0 | 1 | 2000 | ७३,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner(Male) | 50 | 0 | 800 | २९,५१५ | | | | | | | |
| 3 | Office Cleaner | 50 | 0 | 800 | २९,५१५ | | | | | | | |
| 4 | Scaffolder | 10 | 0 | 1200 | ४४,१२५ | | | | | | | |
| 5 | Vehicle Cleaners | 50 | 0 | 800 | २९,५१५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ मंसिर २४ गते (9th Dec. 2024) मा हुनेछ ।**

